# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ८७ | काठमाडौं | बिहीबार, ३ साउन २०८१ | Prabhab National Daily | Thursday, July 18, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सुर्तीजन्य पदार्थको सेवन नगरौं ।**

**सुर्तीजन्य पदार्थको सेवनले:**
- सेवनकर्तालाई प्रत्यक्षरूपमा,
- परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरूपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ ।

**त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




न्युरोड क्षेत्रमा काठमाडौं महानगरपालिकाले बुधबारबाट सुरू गरेको फुटपाथ विस्तार कार्य । यसअघि सडक डिभिजन कार्यालयले रोकेपछि महानगर त्यसविरुद्ध उच्च अदालत पाटन पुगेको थियो । उच्चले फुटपाथ विस्तार गर्ने कार्य नरोक्न आदेश दिएसँगै पुनः काम सुरु गरिएको हो । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# गाउँको सिंहदरबारमा मौलाउँदै भ्रष्टाचार

## कर्मचारी र जनप्रतिनिधि ४३६ जनाविरूद्ध मुद्दा



अख्तियारले प्रदेश र संघभन्दा पनि स्थानीय सरकारमा भएका भ्रष्टाचारका बढी मुद्दालाई विशेष अदालत पुऱ्याएको देखिन्छ । यसले स्थानीय तहमा वित्तीय अनुशासनको पालना कति कमजोर ढंगले भइरहेको र कति अराजकता निम्तिएको छ भन्ने प्रस्ट हुन्छ ।

■ **सूर्यनाथ उपाध्याय**
**पूर्वप्रमुख आयुक्त, अख्तियार**



■ **जेबी योञ्जन**

**काठमाडौं–** गाउँको सिंहदरबारका रूपमा लिइने स्थानीय तह भ्रष्टाचारको अखडा बनेको देखिएको छ । सार्वजनिक सम्पत्ति हिनामिना गरेर नोक्सानी गर्ने, गैरकानुनी लाभ लिएर सरकारलाई हानी पुऱ्याउनेजस्ता वित्तीय अपराधसँग जोडिएका गतिविधि स्थानीय सरकारमा अधिक भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सार्वजनिक गरेको तथ्यांकले देखाएको छ ।

गत आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहका भ्रष्टाचारजन्य कसुर भएको भन्दै अख्तियारले ८१ वटा मुद्दा विशेष अदालतमा दायर गरेको छ । ती मुद्दाका प्रतिवादी ४३६ जना छन् । यसमा कर्मचारी र जनप्रतिनिधि दुवै छन् ।

- सार्वजनिक सम्पत्ति हिनामिना, गैरकानुनी लाभ, राजस्व चुहावट, नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी जागिर खाने, घुस रिसवत लिनेजस्ता भ्रष्टाचारजन्य गतिविधि स्थानीय सरकारमा बढ्दो
- स्थानीय तहमा भएका ८१ वटा भ्रष्टाचारका मुद्दा विशेष अदालतमा
- केही स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष नै भ्रष्टाचारको आरोप लागेपछि निलम्बित हुँदा बजेट ल्याउनै समस्या

उनीहरूले सेवाग्राहीसँग घुस रिसवत लिएको, केहीले नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेको, राजस्व चुहावट, प्रतिकूल बकपत्र दिएकोजस्ता कसुर गरेको अख्तियार प्रवक्ता नरहरि घिमिरेले बताए । उनका अनुसार भ्रष्टाचार मुद्दा दायर भएकामा नगरपालिकाका प्रमुख १६ जना, उपप्रमुख ११ जना, गाउँपालिकाका अध्यक्ष सात जना, उपाध्यक्ष आठ जना, वडाध्यक्ष ४२, कार्यपालिका सदस्य र वडा सदस्य सात/सात जना गरी कूल १०१ जना जनप्रतिनिधि छन् । बाँकी कर्मचारी हुन् । अख्तियारले जनाएअनुसार रौतहटको कटहरिया नगरपालिकाका प्रमुख अजय प्रकाश र उपप्रमुख रीतादेवीविरुद्ध गैरकानुनी हानिनोक्सानीको मुद्दा परेपछि दुवै जना निलम्बनमा छन् ।

(क्रमशः पृष्ठ २ मा)

# फेला परेका १९ शवमध्ये १४ को सनाखत

**सिमलताल दुर्घटना**

**काठमाडौं (प्रस)–** चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत नारायणगढ-मुग्लिन सडकको सिमलतालमा गत शुक्रबार पहिरोले बगाएर त्रिशूली नदीमा बेपत्ता भएका दुई बस अझै भेटिएका छैनन् । ती बसमा सवार ६५ जना यात्रुमध्ये हालसम्म १९ को मात्रै शव फेला परेको छ । सशस्त्र प्रहरी बल नेपालले दिएको जानकारीअनुसार तीमध्ये १४ शवको सनाखत भएको छ । बाँकी पाँचजनाको सनाखत हुन बाँकी छ ।

सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाले बुधबारसम्म १९ जनाको शव फेला परेको र बाँकीको खोजी कार्य जारी रहेको जानकारी दिएका छन् । 'बुधबार भेटिएकामध्ये भारतका ऋषिपल साह, चितवन माडीका विकास परियार, सर्लाहीका रमित कुशर माझी, भारतका जयप्रकाश ठाकुर, भारतकै सजाद अन्सारी, चितवन भरतपुरका सुदिप विक, बाराका परमानन्द पण्डित र चन्द्रानिगापुरका किशोरकुमार चौधरीको सनाखत भएको छ,' उनले भने, 'यसैगरी रौतहटका अशोककुमार यादव, ऋषिकुमार सिंह, भारतका विवेक कुमार, सर्लाहीका जितेन्द्रराम महरा, पर्साकी चन्द्रप्रभा कुमारी, रौतहटकी अमृता कुमारीको शव सनाखत भएको छ, अन्य पाँच जना पुरुषको सनाखत हुन बाँकी छ ।'

गत शुक्रबार बिहान भरतपुर महानगरपालिका-२९ नारायणगढ मुग्लिङ सडकखण्डको सिमलताल भन्ने स्थानमा वीरगञ्जबाट काठमाडौंतर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नं को एञ्जल डिलक्स र काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २४९५ नं को गणपती डिलक्सको बस पहिलोमा परी त्रिशूली नदीमा बेपत्ता भएका थिए । दुवै बसमा गरी ६५ यात्रु रहेका थिए । बसमा सवार रौतहटका नन्दन दास, जुगेश्वर यादव र सरोजकुमार गुप्ताले हाम फालेर ज्यान जोगाएका थिए ।

## उच्चस्तरीय प्रविधिबाट खोजी गर्न कार्यदललाई सुझाव

**चितवन–** गत शुक्रबार पहिलोमा परी त्रिशूलीमा बेपत्ता भएका बस र यात्रुको खोजीमा उच्चस्तरीय प्रविधिको प्रयोग गर्न सिमलताल घटना अध्ययन गर्न गृह मन्त्रालयद्वारा गठित कार्यदललाई सुझाव दिइएको छ । घटनाको अध्ययन गर्न बुधबार यहाँ आएको कार्यदललाई सरोकार भएकाहरूले नयाँ प्रविधिबाट बेपत्ता र बसको खोजी गर्न सुझाव दिएका हुन् ।

जिल्ला प्रशासन कार्यालय चितवनमा आयोजना गरिएको सुझाव संकलनका क्रममा उनीहरूले घटनाको कारण पहिचान र यस्ता घटना पुनः हुन नदिन राज्य संयन्त्रले काम गर्नुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, नेकपा एमालेका कार्यवाहक अध्यक्ष श्याम विष्ट, नेकपा माओवादी केन्द्रका संयोजक रामचन्द्र अधिकारी, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष कृष्णप्रसाद भूसाल, (क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# असारमा रोजगारीका लागि ५८ हजारभन्दा बढी विदेसिए

■ **प्रभाव संवाददाता**

| घेरै श्रमिक गएका मुलुक | |
|---|---|
| युएई | १८,२०० |
| साउदी | १२,२७२ |
| कतार | १०,०३० |
| कुवेत | ३,२५३ |
| क्रोएसिया | २,२६६ |
| रोमानिया | २,१४८ |
| मलेसिया | १,४६४ |
| कोरिया | १,१३७ |
| जापान | १,१०२ |
| बहराइन | ९२८ |

**काठमाडौं–** गत आर्थिक वर्ष २०८०/८१ को अन्तिम महिना अर्थात् असारमा वैदेशिक रोजगारीका लागि ५८ हजारभन्दा बढी नेपाली युवा विदेसिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार असार महिनामा ५८ हजार ७३६ जना नेपाली नयाँ तथा पुन: श्रम स्वीकृति लिएर रोजगारीका लागि विदेसिएका हुन् ।

विभागको तथ्यांकअनुसार नेपाली युवा १०२ वटा मुलुकमा श्रम स्वीकृति लिएर रोजगारीका लागि गएका छन् । असारमा विदेसिने नेपालीको संख्या गत जेठ महिनाको भन्दा १४ हजार १२५ जनाले कम रहेको छ । जेठमा ७२ हजार ८६१ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए । यसरी जाने श्रमिकको संख्या अघिल्लो वैशाख महिनामा ७० हजार ६३७ थियो ।

गत आवको सुरुआती महिनादेखि (वैशाखबाहेक) संयुक्त अरब इमिरेट्स (युएई) नेपालीहरूको पहिलो गन्तव्य बन्न सफल भएको । असार महिनामा युएई जान १८ हजार २०० जनाले श्रम स्वीकृति लिएका छन् । गत जेठमा युएई जान २० हजार ४२४ जनाले श्रम स्वीकृति लिएकोमा असारमा यो संख्या घटेको छ । त्यस्तै साउदी अरब दोस्रो स्थानमा परेको छ । असारमा साउदी जान १२ हजार २७२ जनाले श्रम स्वीकृति लिएका छन् । यसैगरी असारमा कतार जान १० हजार ३० जनाले श्रम स्वीकृति लिएका छन् । तेस्रो स्थानमा परेको कतार जाने नेपालीको संख्या प्रत्येक महिना हाराहारी नै रहे पनि अघिल्ला महिनाहरूभन्दा यसपटक घटेको विभागको तथ्यांकले देखाएको छ ।

यसैगरी पाँचौं स्थानमा रहँदै आएको कुवेत चौथो स्थानमा उक्लिएको छ । कुवेतमा तीन हजार २५३ जना नेपाली श्रमिक रोजगारीका लागि पुगेका छन् । प्रत्येक महिना कुवेत जाने श्रमिकहरूको संख्यामा त्यस्तो धेरै उतारचढाव देखिएको छैन । त्यस्तै नेपालीहरूको पाँचौं गन्तव्य युरोपेली मुलुक क्रोएसिया भएको छ । यहाँ जान असारमा दुई हजार २६६ जनाले श्रम स्वीकृति लिएका छन् ।

गत आव सुरु भएयता कतार र साउदी जाने नेपालीको संख्या हराहारीजस्तो देखिए पनि युएई जाने संख्यामा भने उल्लेख्य वृद्धि भएको विभागको तथ्यांकले देखाएको छ।

(क्रमशः पृष्ठ २ मा)

# प्रधानमन्त्री ओलीलाई व्यवसायी संघको बधाई



**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको टोलीले नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीलाई बधाई तथा शुभकामना दिएको छ । संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा गएको व्यवसायीहरूको प्रतिनिधिमण्डलले बुधबार सिंहदरबारमा पुगी प्रधानमन्त्री ओलीलाई बधाई तथा शुभकामना दिएको हो ।

प्रधानमन्त्री ओलीलाई बधाई तथा शुभकामना दिँदै वैदेशिक रोजगारीको क्षेत्रमा व्यवसायीले भोग्दै आएका केही जटिल समस्या समाधान गर्नेबारे जानकारी गराइएको संघका महासचिव मेघनाथ भुर्तेलले बताए । 'हामीले त्यस्तो माग लिएर गएका थिएनौं, त्यो समय मागपत्र प्रस्तुत गरेर बस्ने समय पनि थिएन,' उनले भने, 'तर जटिल समस्याको रूपमा रहेको १०० जना पठाउन नसकेका म्यानपावरहरूको नवीकरणका लागि श्रम मन्त्रालयसँग सहजीकरण गराइदिन मौखिकरूपमै आग्रह गऱ्यौं ।'

प्रधानमन्त्री ओलीले व्यवसायी र वैदेशिक रोजगारसँग सम्बन्धित समस्याहरूबारे जानकार रहेकाले यसको निराकरणका लागि आवश्यक पहल गरिदिने बताएको महासचिव भुर्तेलले जानकारी दिए । यस विषयमा नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलाई पनि जानकारी दिने र समस्या समाधानको लागि आग्रह गरिने उनले बताए ।

संघले औपचारिकरूपमा केही दिनमै मन्त्री भण्डारीलाई बधाई तथा शुभकामना दिने र वैदेशिक रोजगारको क्षेत्रमा व्यवसायीले खेप्नुपरेको समस्या समाधानका लागि पहल गरिदिन आग्रह गर्ने तयारी गरेको महासचिव भुर्तेलले बताए ।


**जनहितमा जारी सन्देश**




**लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### गाउँको सिंहदरबारमा...

सर्लाहीको बागमती नगरपालिकाका प्रमुख भरतकुमार थापा र उपप्रमुख लीलाकुमारी मोक्तान, जिल्ला समन्वय समिति सर्लाहीका प्रमुख मेथुर चौधरी, सिरहाको नवराजपुर गाउँपालिका, सिरहाका अध्यक्ष विश्वमोहनप्रसाद र उपाध्यक्ष शोभाकुमारी यादव, ललितपुरको गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जन र उपप्रमुख मुना अधिकारी, महोत्तरीको जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार र उपप्रमुख रौशन खातुन, हुम्लाको चंखेली गाउँपालिकाका अध्यक्ष धनलाल चौलागाईंलगायत भ्रष्टाचार मुद्दापछि हाल निलम्बनमा छन् ।

भ्रष्टाचार मुद्दा दायर भएकामा अधिकांशले सार्वजनिक पदको दुरूपयोग गरी खरिदमा अनियमितता गरेको, पदको दुरूपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको लगायत अभियोग लगाइएको छ । खासगरी स्थानीय तहको भ्रष्टाचारमा नदीजन्य पदार्थको दोहन र कम मूल्यमा बिक्री गरी सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेका, सडक तथा अन्य पूर्वाधार निर्माणमा अनियमितताजस्ता कसुरमा जनप्रतिनिधिहरू प्रतिवादी बनेका छन् ।

आयोगले पछिल्लोपटक गत २३ असारमा हुम्लाको सर्केगाड गाउँपालिकाका तत्कालीन अध्यक्ष कृष्ण रोकाय, उपाध्यक्ष जोशी धामी र निमित्त प्रमुख प्रशासकीय अधिकृत रुद्रबहादुर शाहीसहित नै जनालाई सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरेको आरोपमा मुद्दा दायर गर्‍यो । त्यही दिन डडेलधुराको आलिताल गाउँपालिकाका खरिदार मेखराज जोशीविरुद्ध शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र पेस गरेर जागिर खाएको आरोपमा भ्रष्टाचार मुद्दा दायर भएको छ ।

त्यसको दुई दिनअघि धनुषाको मिथिला बिहारी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राम दरश यादवसहित चार जनाविरुद्ध अख्तियारले गैरकानुनी लाभ तथा हानी पुर्‍याएको आरोपमा मुद्दा दायर गरेको थियो । त्यही दिन सिरहाको नवराजपुर गाउँपालिकामा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैतसहित ८ जना विरुद्ध अख्यितारले भ्रष्टाचार मुद्दा विशेष अदालतमा दायर गरेको थियो ।

यी प्रतिनिधिमूलक घटनामात्रै हुन् । भ्रष्टाचार आरोपमा स्थानीय तहका प्रमुख र उपप्रमुख वा अध्यक्ष/उपाध्यक्षविरुद्ध नै भ्रष्टाचार मुद्दा दायर भएपछि केही स्थानीय तहलाई बजेट ल्याउनै समस्या भएको छ । अख्तियारका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्याय अख्तियारले विशेष अदालतमा मुद्दा दायर जसरी गरिरहेको छ, त्यसलाई हेर्दा स्थानीय तह वित्तीय अनुशासन पालनामा अत्यन्तै अराजक देखिएको लाग्न थालेको बताउँछन् ।

'अख्तियारले प्रदेश र संघभन्दा पनि स्थानीय सरकारमा भएका भ्रष्टाचारका बढी मुद्दालाई विशेष अदालतमा पुर्‍याएको देखिन्छ,' उनले प्रभावसँग भने, 'यसले वित्तीय अनुशासनको पालना कति कमजोर ढंगले भइरहेको र कति अराजकता निम्तिएको छ भन्ने प्रस्ट हुन्छ ।' यसअघि आर्थिक वर्ष २०७६/७७ मा ७० जनाविरुद्ध भ्रष्टाचारको मुद्दा विशेष अदालतमा पुगेको थियो । २०७७/७८ मा २२ जना, र २०७८/७९ मा ह्वात्तै बढेर १५१ जनाविरुद्ध भ्रष्टाचार मुद्दा अदालतमा दायर भएका थिए । त्यसपछि २०७९/८० मा झन् बढेर २२६ जना जनप्रतिनिधि भ्रष्टाचारका अभियुक्त बनेका थिए । २०८०/८१ मा बढेर ४३६ जनाविरुद्ध मुद्दा दायर भएको हो ।

पछिल्ला वर्षहरूमा जनप्रतिनिधि र कर्मचारीहरूको भ्रष्टाचारजन्य कार्यमा संलग्नता बढ्दो क्रममा रहेको तथ्य उजागर गरेको छ । स्थानीय तहमा बजेट र विकासका गतिविधि बढेसँगै उनीहरू भ्रष्टाचारमा मुछिने क्रममा बढोत्तरी भएको छ । यस्ता गतिविधि बढ्दै गए निकट भविष्यमै धेरै जनप्रतिनिधि र कर्मचारी भ्रष्टाचारको कसुरमा जेल पुग्ने देखिन्छ । र, यदि भ्रष्टाचारको अभियोगमा मुद्दा चलेको अवस्थामा कर्मचारीदेखि जनप्रतिनिधिहरू मुद्दाको अन्तिम टुंगो नलागुञ्जेलसम्म निलम्बित हुन्छन् ।

अख्तियार प्रवक्ता घिमिरेले स्थानीय तहसँगै प्रदेश र संघ सरकारको गरी २०१ मुद्दा गत आर्थिक वर्षमा दायर भएको बताए । उक्त संख्याका मुद्दामा एक हजार ५२० जनालाई प्रतिवादी बनाइएको उनको भनाइ छ । त्यसमा सर्वाधिक ५२४ कर्मचारी, जनप्रतिनिधि १०१, मनोनीत पदाधिकारी १८१, लेखापढी व्यवसायी दुई, दुई बिचौलिया, ९१ व्यवसायी र ६१९ अन्य व्यक्ति छन् ।

■■■

### उच्चस्तरीय प्रविधिबाट...

नेकपा एकीकृत समाजवादीका अध्यक्ष नरेन्द्र कन्दङ्वाले घटना भएको धेरै दिन बित्दासमेत बस तथा धेरै यात्रु पत्ता लाग्न नसकेका भन्दै नयाँ प्रविधिको प्रयोग गरी खोजी गर्न सुझाव दिए । सरकारले खोजीका लागि धेरै जनशक्ति परिचालन गरे धमिलो पानीमा खोजी गर्न सकिने आवश्यक उपकरणको अभाव हुँदा समस्या भएको उनीहरूले बताए । भारी वर्षा भएको समयमा रात्रिकालीन बस सञ्चालनमा रोक लगाएर दुर्घटना न्यूनीकरण गर्न सरकारले पहल गर्नुपर्ने उनहरूको माग थियो । बर्सात् सुरु भएसँगै सडकमा भएका नाली र कल्भर्टहरू सफा गर्न पनि उनहरूले ध्यानाकर्षण गराए ।

कार्यक्रममा सडक डिभिजन कार्यालय चितवनका प्रमुख रमेशप्रसाद पौडेलले सडकको भौगोलिक बनावटका कारण पटक-पटक समस्या हुने गरेको बताए । नौ सय मिटर माथिबाट खसेको पहिरोका कारण घटना भएको उनले जानकारी दिए । खोजी कार्यमा संलग्न सशस्त्र प्रहरी बलका वरिष्ठ प्रहरी उपरीक्षक माधवप्रसाद पौडेलले आफूहरूसँग भएको प्रविधिबाट अहिलेसम्म सवारीसाधनको अवस्था जानकारी पाउन नसकेको बताए । घटनास्थलबाट घुमाउनेसम्म सवारीसाधन नभेटिएको उनले जानकारी दिए ।

शवहरू घटनास्थलबाट करिब १०७ किलोमिटर तलसम्म भेटिएका बताउँदै पौडेलले नदीको भौगोलिक अवस्थाका कारण हाल भएका प्रविधिले काम गर्न नसक्दा अपेक्षाकृत परिणाम दिन नसकिएको उल्लेख गरे । गृह मन्त्रालयद्वारा गठित कार्यदलका संयोजक छवि रिजालले खोजी कार्य द्रुतगतिमा अघि बढेको बताए । सबै क्षेत्रको सहयोगमा खोजी कार्य जारी रहेको बताए । मित्रराष्ट्र भारतबाट २१ तारिखसम्म आवश्यक सहयोग आउने उनले जानकारी दिए । 'गोताखोरलगायत यहाँ नभएका उपकरण सहयोग गर्ने विषयमा भारत सरकारसँग समझदारी भइसकेको छ । त्यहाँबाट २१ तारिखसम्म सहयोग आइपुग्ने प्रतिबद्धता जनाइएको छ,' संयोजक रिजालले भने । बसमा करिब ६५ जना सवार रहेको भनिएको भए पनि वास्तविक संख्या अझै आउन नसकेको र खोजीका लागि कुनै कसर बाँकी नराख्ने उनको भनाइ छ ।

सुझाव संकलनमा कार्यदलका सदस्यहरू नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक भूपेन्द्र खत्री, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक शंकर खनाल, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सिनियर डिभिजन इन्जिनियर प्रकाशचन्द्र भण्डारी, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका प्रतिनिधि पुण्यप्रसाद सिटौला, विपद् प्राधिकरणकी उपसचिव सन्ध्या सिग्देलसहितको टोली चितवन आएको हो ।

टोलीले सुझाव संकलनअघि घटनास्थलको निरीक्षण अनुगमन तथा स्थानीय र अस्पतालमा उपचाररत घाइतेसँगसमेत घटनाको बारेमा बुझिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए । सुझाव संकलनअघि प्रमुख जिल्ला अधिकारी यादवले घटनापछि भएका गतिविधिका बारेमा जानकारी गराएका थिए । *रासस*

■■■

### असारमा रोजगारीका...

त्यस्तै अघिल्लो आवमा नेपालीहरूको पहिलो गन्तव्य रहेको मलेसियामा गत आवको अन्तिम महिना असारमा जम्मा एक हजार ४६४ जनामात्र गएको विभागको तथ्यांकले देखाएको छ । यसैगरी रोमानिया दुई हजार १४८, जापान एक हजार १०२, बहराइन ९२८, मोरिसस ८७८, साइप्रस ७४२, माल्दिभ्स ६०७, ओमानका लागि ४०५ र कंगो जान ४०३ जनाले श्रम स्वीकृति लिएका छन् । त्यस्तै असार महिनामा इपिएस प्रणालीबाट दक्षिण कोरिया जाने नेपालीको संख्या एक हजार १३७ रहेको छ ।

यसैगरी विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने १९ हजार ९८९ जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३८ हजार ७४७ जना रहेका छन् । गत आवको अन्तिम महिनामा श्रम स्वीकृति लिनेमध्ये छ हजार ६११ जना महिला श्रमिक रहेको विभागले उल्लेख गरेको छ । पछिल्लो समय वैदेशिक रोजगारीका लागि युरोपेली मुलुकमा जान श्रम स्वीकृति लिने नेपालीको संख्या उल्लेख्यरूपमा बढ्दै गएकोसमेत विभागको तथ्यांकले देखाएको छ ।

---

## पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.

मूख्य कार्यालयः ल.पु.म.न.पा. वडा नं.-१९, कुमारीपाटी
फोन नं.: ०१-५४०८५८५, ०१-५४०८५८६, ०१-५४३२७१८

**पञ्चशील सदस्य सेवा केन्द्रहरू**

चापागाउँ, फोन नं. ०१-५२६५४७१, सरस्वतीनगर, काठमाडौं, फोन नं. ०१-४८१३४४७, कोटेश्वर, काठमाडौं फोन नं. ०१-४६१०६१७, ०१-४६१०१०७ न्युरोड, काठमाडौं फोन नं. ०१-५३५५४०८, भक्तपुर, सूर्यविनायक फोन नं. ०१-६६१५६४७

### ऋण चुक्ता/भुक्तान गर्न आउने बारेको ३५ दिने सूचना

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.को तपसीलमा उल्लेखित कर्जा सदस्यले प्राप्त गरेको कर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज लगायत अन्य लेना रकम चुक्ता भुक्तानी गर्न मौखिक एवं पटक पटक लिखित जानकारी गराउदा समेत ऋणकर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले कर्जा सदस्यलाई ऋणकर्जा चुक्ता भुक्तानी गर्न आउनु हुन यो ३५(पैतिस) दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितीले ३५(पैतिस) दिनभित्र यस संस्थाको कार्यालय कुमारीपाटी, ललितपुरमा सम्पर्क राखी प्राप्त ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज आदि चुक्ता भुक्तानी गर्नुहोला । अन्यथा कानुन बमोजिम धितो लेखिदिएको चल अचल सम्पत्तिहरू लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्वन गरी संस्थाको लेना रकम असुल उपर गरिनुका साथै कर्जा सूचना केन्द्रको कालो सूचिमा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै तपसीलमा उल्लेखित कर्जा सदस्यले प्राप्त गरेको ऋण कर्जाको सुरक्षणमा व्यक्तिगत जमानी दिने र धितो बन्धक लेखिदिने तपसील बमोजिमका व्यक्तिहरूलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तपाईंहरूको समेत कर्जा सूचना केन्द्रको कालो सूचिमा नाम समावेश गर्नेतर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिएको छ ।

**तपसील**

| क्र.सं. | कर्जा सदस्यको नाम ठेगाना | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|
| १) | **कर्जा सदस्यः रविन कुमार कार्की**<br>बाजेः कटक बहादुर कार्की<br>पिताः चेत बहादुर कार्की<br>ना.प्र.न.: १३१०३७/८, ओखलढुंगा<br>ठेगानाः गोकर्णेश्वर न.पा वडा नं-२ जोरपाटी, काठमाडौं<br>**व्यक्तिगत जमानी कर्ता**<br>**१. भवानी शंकर ढुङ्गेल**<br>ठेगानाः काठमाडौं जिल्ला का.म.न.पा वडा नं-३२, पेप्सीकोला<br>**२.विना घिमिरे**<br>ठेगानाः गोकर्णेश्वर न.पा वडा नं-२ जोरपाटी, काठमाडौं | श्री रविन कुमार कार्कीको नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, साविक शिवगञ्ज गा.वि.स./न.पा. वडा नं. ७सिट नं ७(य) को कि.न. १६५९० को जम्मा क्षेत्रफल २६५८.२२ व.मि. रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

---

## कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : HAIR & CO LADIES BEAUTY SALON CO.**

पूर्व स्वीकृति मिति २०८०/११/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/०२ | LT. No. 300127 | चलानी नं. ६०२१५०४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (INDOOR) | 0 | 3 | 110 | ४७,४५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | HAIRDRESSER | 0 | 7 | 150 | ६४,७१० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

**कम्पनी : CROWN DECOR FACTORY - L.L.C**

पूर्व स्वीकृति मिति २०८१/०४/०२ | LT. No. 307641 | चलानी नं. ६०२२२३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter | 30 | 0 | 1000 | ३६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Basic Machine Operator | 20 | 0 | 1500 | ५४,५८० | | | | | | | |
| 3 | Finishing Carpenter | 40 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 4 | Painter | 40 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 5 | Workers/helper/labour | 50 | 0 | 900 | ३२,७४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १० गते (25th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Namo Buddha Recruitment Pvt. Ltd.**
Govt. License 1370/74/75
Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168, E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com, Website : www.namobuddharecruitment.com

---

## शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सुचना

**प्रथमपटक सूचना प्रकाशित मिति : २०८१/०४/०३**

यस सुनाखरी सा.व.उ.स. कमलामाई नगरपालिका-१०, सिन्धुलीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना २०८०/०८१ अनुसार डिभिजन वन कार्यालय सिन्धुलीको वन पैदावर संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा मध्ये समूहको आन्तरिक खपत भई बाकी रहेको गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय सिन्धुली (सिन्धुली माढी) को च.नं. ७ मिति २०८१/०४/०१ को बाहिय लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेको विभिन्न ग्रेडका साल जातको गोलिया थान ७७ को ९५५.५२ क्यूफिट काठ हाल जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुदायको कार्यालयमा सूचना टाँस गरिएको छ ।

-सुनाखरी सा.व.उ.स.
कमलामाई न.पा.-१० सिन्धुली

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७८/०८/२३ मा दर्ता भएको दर्ता नं. २७९२२२ को **जि.एस.एस इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

## व्यापारिक प्रयोजनका लागि काठ दाउरा विक्रीको सुचना

यस गैरम ठाकुर सामुदायिक वन उपभोक्ता समूह कमपामाई न. पा.- ४ सिन्धुलीले घाटगद्धी गरी राखेको वभिन्न जातको एविसि ग्रेडका गोलिया १३२ थानको जम्मा १२०१.१६ क्यूफिट काठ व्यापारिक प्रयोजनका लागि बिक्री गर्नुपर्ने भएकाले रित पुगेका व्यवसायीहरूका लागि यो २१ दिने सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धि विस्तृत विवरण यस सावउसको कार्यालयबाट लिनु हुन सूचित गरिन्छ ।

**सम्पर्क**
**गैरम ठाकुर सामुदायीक वन उपभोक्ता समूह**
कनपा- ४, सिन्धुली

---

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Target Consultant Human Resources Pvt Ltd** इजाजत नम्बर ८३३/०६६/०६७ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | नागरिकता नं. | पद |
|---|---|---|
| शशि कान्त चौधरी | २८७५ | श्रम प्रतिनिधि |
| निशा खड्का | ३०-०७८ | पि.आर.ओ |
| टिना तामाङ | २९-०१-७५-०४०९४ | असिस्टेन्ट डकुमेन्टेशन |
| सिरज अनअहमद दुनिया मु | १२४/५७०७ | पि.आर.ओ |
| विज्ञान घिमिरे | १७१०९६/१३६४ | ओपरेशन म्यानेजर |
| शर्मिला बुढाथोकी | १४-०१ | रिसेप्सनिस्ट |
| ज्ञानेन्द्र कार्की | १२-०१-७८-०४ ८८२ | पि.आर.ओ |
| सुस्मिता पराजुली | ३२२०८०-४३२ | डकुमेन्टेशन |
| सृष्टि श्रेष्ठ | ४५-०१-७२-०३९१६ | पि.आर.ओ |
| रिता केसी | २४-०१-७३-०१४८७ | डकुमेन्टेशन |
| इश्वर कुमार घिमिरे | २८६ | डिरेक्टर |

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

---

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**बिहीबार, ३ साउन, २०८१**

**मेष** कामा प्रतिस्पर्धा बढ्न सक्छ ।

**वृष** टाढाको यात्राको सम्भावना हुनेछ ।

**मिथुन** स्वास्थ्यमा ध्यान पुर्‍याउनु पर्ने छ ।

**कर्कट** मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ ।

**सिंह** अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ ।

**कन्या** व्यस्तताले शरिर कमजोरीको अनुभुति हुने ।

**तुला** धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ ।

**वृश्चिक** सेवामुलक कामबाट धनलाभ प्राप्त हुने ।

**धनु** मिहिनेतले उपलब्धि हासिल हुने ।

**मकर** बिछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट ।

**कुम्भ** आत्माविश्वासको कमीले काममा पछिपरिने ।

**मीन** हडबड गर्नाले काममा बाधा पुग्ने ।

---

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसुति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

---

## नेपाल राष्ट्र बैंक

**३ साउन, २०८१ (१८ जुलाई, २०२४)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.३६ | १३३.९६ |
| युरो | १ को | १४५.२४ | १४५.८९ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.८८ | १७३.६६ |
| स्विस फ्रैन्क | १ को | १४८.९१ | १४९.५८ |
| अस्ट्रेलियन डलर | १ को | ९०.३३ | ९०.७४ |
| क्यानाडियन डलर | १ को | ९७.९१ | ९८.३५ |
| सिँगापुर डलर | १ को | ९९.३३ | ९९.७७ |
| जापानी येन | १० को | ८.३९ | ८.४३ |
| चिनियाँ युआन | १ को | १८.३९ | १८.४७ |
| साउदी अरब रियाल | १ को | ३५.५६ | ३५.७२ |
| कतारी रियाल | १ को | ३६.५७ | ३६.७४ |
| थाई भाट | १ को | ३.६९ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३१ | ३६.४७ |
| मलेसियन रिङेट | १ को | २८.५६ | २८.६९ |
| दक्षिण कोरियन वन | १०० को | ९.६९ | ९.७४ |
| स्विडिस क्रोनर | १ को | १२.६४ | १२.७० |
| डेनिस क्रोनर | १ को | १९.४७ | १९.५५ |
| हङकङ डलर | १ को | १७.०८ | १७.१६ |
| कुवेती दिनार | १ को | ४३६.४४ | ४३८.४१ |
| बहराइन दिनार | १ को | ३५३.८० | ३५५.३९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट घघघ।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

बंगलादेशमा रहेका नेपाली विद्यार्थीलाई अनुरोध

# अत्यावश्यक काममाबाहेक बाहिर ननिस्कनू

**काठमाडौं (प्रस)**– ढाकास्थित नेपाली दूतावासले बंगलादेशमा रहेका नेपाली विद्यार्थीहरूलाई सुरक्षित रहन, अत्यावश्यक काममाबाहेक छात्रावास वा आफू बसेको स्थानबाट बाहिर ननिस्कन तथा आ-आफ्नो कलेज प्रशासनको निर्देशन पालना गर्न अनुरोध गरेको छ ।

बंगलादेशमा जारी 'कोटा'विरोधी प्रदर्शनहरूमा भएका झडपका कारण बंगलादेश सरकारको शिक्षा मन्त्रालयले सम्पूर्ण सरकारी तथा निजी विश्वविद्यालय र शैक्षिक संस्थाहरू अर्को सूचना जारी नभएसम्मका लागि बन्द रहने भनी गरेको निर्णयको सन्दर्भमा उक्त दूतावासले त्यस्तो अनुरोध गरेको हो । कुनै कारणवश कलेज प्रशासनले छात्रावासबाट अन्य सुरक्षित स्थानमा जान निर्देशन दिएमा वा आफू बसेको स्थानमा सुरक्षा अवस्था प्रतिकूल भएमा दूतावासका द्वितीय सचिव योजना बम्जन र रिया क्षेत्रीलाई सम्पर्क गर्न दूतावासले आग्रह गरेको छ ।

दूतावासले बुधबार सूचना जारी गर्दै बंगलादेशमा विकसित घटनाक्रमलाई नजिकबाट नियालिरहेको र सम्पूर्ण नेपाली विद्यार्थीको शान्ति, सुरक्षा सुनिश्चित गर्न बंगलादेश सरकारका निकाय एवं सम्बन्धित कलेज प्रशासनसँग निरन्तर सम्पर्क एवं समन्वय गरिरहेको बताएको छ ।

# जेठ महिनायताको विपद्मा परी १२४ जनाको मृत्यु

**काठमाडौं (प्रस)**– अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढीपहिरोलगायतका विपद्मा परी बुधबारसम्म मृत्यु हुनेको संख्या १२४ पुगेको छ । बाढीपहिरोलगायतका विपद्मा परी काठमाडौं उपत्यकामा दुई, कोशी प्रदेशमा २२, मधेस प्रदेशमा पाँच, बागमती प्रदेशमा १९, गण्डकी प्रदेशमा ३८, लुम्बिनी प्रदेशमा २३, कर्णाली प्रदेशमा सात र सुदूरपश्चिम प्रदेशमा आठ गरी जम्मा १२४ जनाको मृत्यु भएको प्रहरी प्रवक्ता, प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

उनका अनुसार काठमाडौं उपत्यकामा आठ, कोशी प्रदेशमा ३४, मधेस प्रदेशमा नौ, बागमती प्रदेशमा सात, गण्डकी प्रदेशमा २९, लुम्बिनी प्रदेशमा नौ, कर्णाली प्रदेशमा ३३ र सुदूरपश्चिम प्रदेशमा ११ गरी जम्मा १४० जना घाइते भएका छन् ।

प्रहरीले कोशी प्रदेशमा ४१, गण्डकी प्रदेशमा १२ गरी जम्मा ५३ जनाको उद्धार गरिएको जनाएको छ । बाढीपहिरोमा परी कोशी प्रदेशमा दुई, मधेस प्रदेशमा एक, बागमती प्रदेशमा दुई, गण्डकी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी आठ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी भइरहेको जनाइएको छ । सिमलताल दुर्घटनामा बेपत्ता भएकाहरूको तथ्यांक यहाँ समावेश गरिएको छैन । बाढीका कारण जम्मा १८२ घर डुबानमा परेका छन् । २१८ घर, ८० गोठ, ४३ पुल, एक विद्यालय र दुई सरकारी कार्यालयमा क्षति पुगेको छ । ५८४ पशुचौपायाको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट तीन हजार ७०२ परिवार विस्थापित भएका छन् ।

## मनसुनजन्य विपद

### १६३ राष्ट्रिय राजमार्ग प्रभावित

बाढीपहिरो जस्ता मनसुनजन्य विपद्का कारण गएको २४ घण्टामा १६३ राष्ट्रिय राजमार्गमा प्रभाव परेको छ । सडक विभागको तथ्यांकअनुसार विपद्का कारण मुलुकभर १६ वटा राजमार्ग पूर्णरूपमा अवरुद्ध भएका छन् भने १४७ राष्ट्रिय राजमार्ग एकतर्फी रूपमा सञ्चालनमा आएका छन् । यस्तै राष्ट्रिय राजमार्गमा पर्ने छवटा पक्की पुलमा अवरोध भई आवतजावतमा बाधा पुगेको छ ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान माहाशाखाकानुसार बुधबार रातिदेखि देशभर आंशिकदेखि साधारणतया बदली रहने छ । कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । कोशी, गण्डकी र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भने भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ । भोलि शुक्रबारसम्म मुलुकका विभिन्न स्थानमा भारी वर्षाको सम्भावना रहेको भन्दै माहाशाखाले सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ ।

# 'पर्यावरणमैत्री स्वस्थ समाज बनाउन साइकल पूर्वाधारको विकास आवश्यक छ'

**पाटन (ललितपुर)**– पर्यवरणमैत्री स्वस्थ समाज बनाउन साइकल पूर्वाधारको विकास आवश्यक रहेकामा सरोकार भएकाहरूले जोड दिएका छन् । यही साउन ५ गते हुन गइरहेको देशकै ठूलो साइकल जात्रा 'कोरा २०२४' को १४औं संस्करणसम्बन्धी जानकारी दिन बुधबार ललितपुर महानगरपालिकामा आयोजित पत्रकार सम्मेलनमा सरोकार भएकाहरूले यस्तो बताएका हुन् ।

सफा वातावरण, स्वस्थ्य जीवनशैली तथा पर्यवरणमैत्री समाज बनाउन साइकल संस्कृतिको प्रवर्द्धनका लागि पूर्वाधारको विकास आवश्यक रहेकामा वक्ताहरूको जोड थियो ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले महानगरलाई स्वस्थ र पर्यवरणमैत्री बनाउन साइकलप्रेमीहरूको महत्त्वपूर्ण भूमिका रहेको बताए । 'कला नगरी र विश्व सम्पदामा सूचीकृत पाटन सहरलाई साइकलमैत्री बनाउने हाम्रो लक्ष्यमा हो । साइकल यात्रा गर्नु जत्तिको शारीरिक व्यायाम अरू हुँदैन । त्यसैले स्वस्थ नागरिक र स्वस्थ महानगर बनाउन यहाँ साइकल लेन, स्टायन्ड र पूर्वाधार विकास गर्ने कुरामा ध्यान दिन्छौं,' उनले भने ।

साइकलमैत्री सहर निर्माण र साइकलप्रेमीको सुरक्षाका लागि ऐन, कानुन बनाउन समस्या रहेको महानगर प्रमुख महर्जनको भनाइ छ । 'नेपालको संविधान, ऐन, कानुनले साइकललाई चिनेको छैन, कुनै न कुनै संघीय अथवा प्रदेश कानुनमा टेकेर स्थानीय कानुन बनाउनुपर्ने हुँदा साइकल ऐन निर्माण गर्न समस्या भइरहेको छ । तसर्थ ऐन बनाउन कठिन भएको छ,' उनले भने ।

शिवपुरी डाँडादेखि गोदावरीको बोटानिकल बगैँचासम्म साइकलमार्ग बनाउने आफ्नो चाहना रहेको भँदै महानगर प्रमुख महर्जनले यसमा काठमाडौं महानगरपालिकाले अनिच्छा देखाएकाले काम हुननसकेको धारणा राखे । साइकलमार्ग निर्माण तथा व्यवस्थापनका लागि गोदावरी र बूढानीलकण्ठ नगरपालिकाले बजेट पनि छुटयाएको तर काठमाडौं महानगरपालिकाले चासो नदेखाएकाले योजना अलपत्र परेको गुनासो गरे । साइकलमार्गलाई गोदावरी नगरपालिकाको चापागाउँ, टाहाखेल, टीकाभैरव हुँदै बागमती गाउँपालिकाको वडा नं ३ मा पर्ने तिनपाने भञ्ज्याङसम्म विस्तार गर्न सकिने उनको भनाइ छ ।

युएसएड स्वच्छ हावा परियोजनाका प्रमुख भूषण तुलाधरले साइकल संस्कृति विकास र कोरा २४ जस्ता कार्यक्रम पाटन सहरको स्वच्छता कायम गर्न सहयोगी हुने बताए । 'साइकल संस्कृति विकासका लागि महानगरले निर्माण गरिरहेका संरचना महत्त्वपूर्ण छन्, महिला सशक्तीकरणका लागि पनि साइकलमैत्री कार्य महत्त्वपूर्ण छ । हाम्रो सहरको यात्रा गर्न औसत दूरी पाँच किलोमिटर हो, यसका लागि उपयुक्त साधन साइकल नै हो' तुलाधरले भने ।

साइकल चलाउने संस्कृतिले महिलालाई स्वस्थ्य राख्न सहयोग पुऱ्याउने बताउँछिन् ५८ वर्षीया साइकलयात्री उर्मिला शाक्य । '२०५७ सालदेखि साइकलमा यात्रा गर्न थालेकी हुँ, साइकलमै ३६ देखि ३७ वटा जिल्ला घुमेको छु । अहिले पनि जावलाखेलमा बिहान दैनिक ५०/६० जनालाई साइकल सिकाउँछु, आमा स्वस्थ्य भए बच्चा स्वस्थ्य हुन्छ, महिलाले आफूलाई स्वस्थ राख्न पनि साइकल चलाउनुपर्छ,' उनले भनिन् ।

साइकल अभियन्ता राज ज्ञवालीले यही साउन ५ गते शनिबार हुन गइरहेको 'कोरा २०२४' साइकल जात्रा पाटनको मंगलबजारबाट सुरू भई काठमाडौंलाई एक फन्को लगाएर पुनःपाटनको नागबहालमा पुगेर सम्पन्न हुने जानकारी दिए । 'साइकल जात्राको १४औं संस्करणको कार्यक्रममा नेपालभरिका १५ भन्दा बढी स्थानमा चार हजारभन्दा बढी साइकलयात्रीले दुई लाख किलोमिटरभन्दा बढी दूरी तय गर्नेछन्,' उनले भने, 'सन् २०११ मा ३५ जनाबाट सुरू भएको काठमाडौं कोरा साइकलयात्रा हरेक वर्ष आयोजना हुने गरेको छ । साइकल यात्रीले ५० देखि १४० किलोमिटरको यात्रा तय गर्न सक्ने छन्,' उनले भने ।

ललितपुर महानगरपालिका सहआयोजक रहेको यस संस्करणमा हालसम्म तीन हजार ३४० पुरुष र एक हजार १४३ महिलाले सहभागिताका लागि नाम दर्ता गराइसकेको अभियन्ता ज्ञवालीले जानकारी गराए ।


## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०३

यस सुन्दर सा.व.उ.स. हरिहरपुरगढी गा. पा.-२, सिन्धुलीबाट आ. व. २०८०/०८१ मा उत्पादन भई जखौली, हरिहरपुरगढी गा. पा.-२, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल र असना जातको गोलिया थान १६४ को २४१७.९३ क्यू. फि. गोलिया काठ र १.५० चट्टा साल दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२औं दिनको मध्यान्ह १२:०० बजेभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सुन्दर सा. व. उ. स.**
हरिहरपुरगढी गा.पा.- २, सिन्धुली



## व्यापारिक प्रयोजनका लागि काठ दाउरा विक्रीको सुचना

यस ज्यामिरे सामुदायिक वन उपभोक्ता समूह मरिण- ४ सिन्धुलीले घाटगद्धी गरी राखेको साल जातको गोलिया काठ एविसि ग्रेडका १०१ थानको जम्मा १२१९.७७ क्यूफिट काठ र २ चट्टा दाउरा व्यापारिक प्रयोजनका लागि बिक्री गर्नु पर्ने भएकाले रित पुगेका व्यवसायीहरूका लागि यो २१ दिने सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धि विस्तृत विवरण यस सावउसको कार्यालयबाट लिनु हुन सूचित गरिन्छ ।

**सम्पर्क**
**ज्यामिरे सामुदायीक वन उपभोक्ता समूह**
मरिण- ४, सिन्धुली



**नेपाल सरकार**
## कम्पनीको रजिष्ट्रारको कार्यालय
**त्रिपुरेश्वर, काठमाडौं**

### कम्पनीको नाम तथा ठेगाना परिवर्तन सम्बन्धमा

**सूचना प्रकाशित मिति २०८१/०४/०३**

त्यस कम्पनीको मिति २०८१-०३-२५ मा सम्पन्न एकल सेयरधनीको विशेष बैठकको निर्णय वमोजिम तपसिलमा उल्लेखित शर्तहरू पालना गर्ने गरी त्यस कम्पनीको नाम तथा ठेगाना तपसिल बमोजिम परिवर्तन गरी त्यस कम्पनीको प्रबन्धपत्रक दफा (१) (२) र नियमावलीको नियम (१) (२) मा संशोधन गरी **अद्वैता एड्भाइजर्स प्रा.लि.** कायम गर्न गरिएक संशोधनलाई स्वीकृत प्रदान गरी संशोधित प्रबन्धपत्र नियमवलीलाई अभिलेख गरी सोको १/१ प्रति यसैसाथ पठाइएक व्यहोरा मिति २०८१/०३/२८ को निर्णयानुसार जानकारी गराइन्छ ।



## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०३

यस भगतडाँडा सा.व.उ.स. हरिहरपुरगढी गा. पा.-४, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई जुटपानी, हरिहरपुरगढी गा. पा.-४, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल र असना जातको गोलिया थान ११२ को १३३२.६४ क्यूफि गोलिया काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२औं दिनको मध्यान्ह १२:०० बजेभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री भगतडाँडा सा.व.उ.स.**
हरिहरपुरगढी गा.पा.-४, सिन्धुली



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KUBRA INTERNATIONAL COMPANY
पूर्व स्वीकृति मिति २०८१/०४/०१ | LT. No. 307625 | चलानी नं. ६०२२२३३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Airless Spray Painter | 5 | 0 | 110 | ४८,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 5 | 0 | 110 | ४८,१३० | | | | | | | |
| 3 | Sand Blaster | 5 | 0 | 110 | ४८,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १० गते (25th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY LINE OVERSEAS PVT. LTD.
P.O. BOX:19165, Badri Colony, Sukedhara. Kathmandu, Nepal
Govt. License 1080/073/74
1050/09/08 Tel:4490982, 4490983, E-mail: skylineoverseas1080@gmail.com



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NAB'A SERVICES LLC
पूर्व स्वीकृति मिति २०८१/०४/०२ | LT. No. : 307614 | चलानी नं.: ६०२२२३२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner / Public Building | 30 | 0 | 100 | ३४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ११ गते (26th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kasturi International Service Pvt. Ltd.
Govt. License 128/055/56
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROYAL TEAM TRADING AND CONTRACTING W.L.L
पूर्व स्वीकृति मिति २०८१/०४/०२ | LT. No. 307574 | चलानी नं. ६०२२२३३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४३,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electric | 3 | 0 | 1200 | ४३,९७५ | | | | | | | |
| 3 | Electrician | 1 | 0 | 1200 | ४३,९७५ | | | | | | | |
| 4 | Gypsum Technician | 3 | 0 | 1200 | ४३,९७५ | | | | | | | |
| 5 | Labour | 1 | 0 | 1000 | ४३,९७५ | | | | | | | |
| 6 | Mason | 2 | 0 | 1200 | ४३,९७५ | | | | | | | |
| 7 | Painter | 2 | 0 | 1200 | ४३,९७५ | | | | | | | |
| 8 | Pipe Fitter | 3 | 0 | 1200 | ४३,९७५ | | | | | | | |
| 9 | Plumber | 3 | 0 | 1200 | ४३,९७५ | | | | | | | |
| 10 | Welder | 2 | 0 | 1200 | ४३,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १० र ११ गते (25 & 26 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले  सेवा शुल्कः नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PARADISE HUMAN RESORCE PVT. LTD
श्रम ईजाजत नं. १६८४/०८०/८१
KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE GULF SHIP BUILDERS - SOLE PROPRIETORSHIP LLC
पूर्व स्वीकृति मिति २०८१/०४/०२ | LT No.307630 | चलानी नं ६०२२२३३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith For Construction | 1 | 0 | 1400 | ५०,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1400 | ५०,९४० | | | | | | | |
| 3 | Carpenter/mason/seaman | 3 | 0 | 1800 | ६५,४९५ | | | | | | | |
| 4 | Cleaner General | 2 | 0 | 900 | ३२,७४५ | | | | | | | |
| 5 | Electrician Gen. | 2 | 0 | 1400 | ५०,९४० | | | | | | | |
| 6 | Helper Insulation | 2 | 0 | 1400 | ५०,९४० | | | | | | | |
| 7 | Operator (Die Maker) | 2 | 0 | 1400 | ५०,९४० | | | | | | | |
| 8 | Painter Assistant Wood | 1 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 9 | Pipe Fitter | 1 | 0 | 1400 | ५०,९४० | | | | | | | |
| 10 | Welder Tech. | 13 | 0 | 1800 | ६५,४९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १० गते (25th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Dubai Overseas International Pvt. Ltd.
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CROWN DECOR FACTORY - L.L.C
पूर्व स्वीकृति मिति २०८१/०४/०२ | LT. No. 307655 | चलानी नं. ६०२२२३६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter | 30 | 0 | 1000 | ३६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Basic Machine Operator | 20 | 0 | 1500 | ५४,५८० | | | | | | | |
| 3 | Finishing Carpenter | 40 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 4 | Helper | 50 | 0 | 900 | ३२,७४५ | | | | | | | |
| 5 | Painter | 40 | 0 | 1200 | ४३,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १० गते (25th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
श्रम ईजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134,
Mobile: 9851231432, 9849205504, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLEANCO CLEANING SERVICES CO LLC
पुर्व स्वीकृति मिति २०८१/०४/०२ | LT. No. 307648 | चलानी नं ६०२२२३४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 28 | 90 | 800 | २९,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १० गते (25th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KALIKA HUMAN RESOURCE PVT LTD
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803 ,4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### भ्रष्टाचारविरुद्ध कानुनी डण्डा चलाऊ

भ्रष्टाचार देश विकासको मुख्य बाधक हो । हरेक प्रधानमन्त्रीले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउने प्रतिज्ञा पनि गर्छन् । गठबन्धन सरकार हुँदा त साझा न्यूनतम कार्यक्रममा भ्रष्टाचार न्यूनीकरणलाई प्राथमिकतामा राख्छन् । तर, त्यस्तो हुँदैन । बरू, गठबन्धन सरकारमा रहेका मन्त्री, कर्मचारीदेखि राजनीतिक दलका नेता कार्यकर्ता, बिचौलिया र माफियाहरू यसमा सरिक हुन्छन् । जसमध्ये केही मुद्दाको मात्रै अनुसन्धान अख्तियारले गर्छ र विशेष अदालतमा मुद्दा दायर गर्छ ।

आर्थिक वर्ष २०८०/८१ मा मात्रै २२१ मुद्दा विशेष अदालत पुगेको छ । त्यसमध्ये ८१ वटा मुद्दा त स्थानीय सरकारका जनप्रतिनिधि, कर्मचारी, बिचौलिया, माफिया र कानुन व्यवसायीसमेत मुछिएका छन् । यी मुद्दामा मात्रै ४३६ जनालाई प्रतिवादी बनाइएको छ । यसअघि आर्थिक वर्ष २०७६/७७ मा ७० जनाविरुद्ध भ्रष्टाचारको मुद्दा विशेष अदालतमा पुगेको थियो । २०७७/७८ मा २२ जना, र २०७८/७९ मा ह्वात्तै बढेर १५१ जनाविरुद्ध भ्रष्टाचार मुद्दा अदालतमा दायर भएका थिए । त्यसपछि २०७९/८० मा झन् बढेर २२६ जना जनप्रतिनिधि भ्रष्टाचारका अभियुक्त बनेका थिए । २०८०/८१ मा बढेर ४३६ जनाविरुद्ध मुद्दा दायर भएको हो ।

पछिल्ला वर्षहरूमा जनप्रतिनिधि र कर्मचारीहरूको भ्रष्टाचारजन्य कार्यमा संलग्नता बढ्दो क्रममा रहेको तथ्य उजागर गरेको छ । स्थानीय तहमा बजेट र विकासका गतिविधि बढेसँगै उनीहरू भ्रष्टाचारमा मुछिने क्रममा बढोत्तरी भएको छ । यस्ता गतिविधि बढ्दै गए निकट भविष्यमै धेरै जनप्रतिनिधि र कर्मचारी भ्रष्टाचारको कसुरमा जेल पुग्ने देखिन्छ । र, यदि भ्रष्टाचारको अभियोगमा मुद्दा चलेको अवस्थामा कर्मचारीदेखि जनप्रतिनिधिहरू मुद्दाको अन्तिम टुंगो नलागुन्जेलसम्म निलम्बित हुन्छन् । तैपनि भ्रष्टाचारजन्य कसुरको स्थिति भयावह देखिएको छ । गत वर्ष ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको एक तथ्यांकअनुसार नेपाल भ्रष्टाचारको सूचकांकमा १०८औं स्थानमा छ । यो भनेको नेपाल भ्रष्टाचार बढी हुने देशको सूचीमा कायम रहेको भन्ने हो ।

राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको मिलेमतोमा भ्रष्टाचार हुने गरेको छ । नेपालको सन्दर्भमा सार्वजनिक भएको पहिलो भ्रष्टाचार काण्ड कपासकाण्ड हो । यो पञ्चायतकाल भएकै बेला २०३२ सालतिर प्रकाशमा आएको थियो । अख्तियारका कतिपय अधिकारीहरूका अनुसार त्यसबेलाका अन्य भ्रष्टाचारजन्य कसुरहरू गुपचुप हुन्थे । तर, अहिले सार्वजनिक हुने गरेको छ । यसले गर्दा कांग्रेस–एमालेको वर्तमान सरकारले भ्रष्टाचारविरुद्ध कानुनी डण्डा चलाउनैपर्छ । जुन नेपाली जनताको चाहना पनि हो । तर, भ्रष्टाचारविरुद्ध कानुनी डण्डा नचलाए यी दुई दल भ्रष्टाचारको पक्षपोषक भएको अर्थ लाग्नेछ । जुन आरोप गत शुक्रबार तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र तत्कालीन गृहमन्त्री रवि लामिछानेले लगाएका थिए ।

## मनन्योग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइ(दन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग
तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीह(रूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आच(ार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आच(ार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभ(ावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

क्रमशः

# राष्ट्रिय विभूति बन्न नसकेकी योगमाया



■ सृजना अर्याल

“

योगमायाको आन्दोलन महिला वर्गमा मात्र केन्द्रित थिएन । उनले समाजका सर्वपक्षीय समस्यालाई समेटेर त्यसको समाधान राज्यसँग खोजेकी थिइन् । उनको आन्दोलनले जति चर्चा पाउनुपर्ने थियो, पाउन सकेको छैन । आखिर किन ? ऊ बेला उनी महिला भएकैले पछि परेकी थिइन् भन्नेहरूले अहिले पनि त उनको योगदानलाई समाजमा ल्याउन सक्छ । राणाशासनका समयमा नागरिक अधिकारको कुरा उठाउनु जटिल काम थियो । उनलाई आज पनि राज्यले राष्ट्रिय विभूतिका रूपमा सम्मान प्रदान गर्न नसक्नु उनीमाथिको मात्र नभएर सामाजिक जागरणकै एक अन्याय हो ।

आठ मार्च अर्थात् विश्व नारी दिवस नेपालमा पनि मनाउने गरिन्छ । त्यस्तै २५ नोभम्बरदेखि १० डिसेम्बरसम्म लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान पनि यहाँ राष्ट्रियस्तरबाट मनाउने गरिएको छ । यी दिवसकै अवसरमा नेपालका तीन तहका सरकारका साथै सरोकारवालाहरूले भव्य समारोह नै आयोजना गर्ने गर्दछन् । यस्ता दिवसहरू मनाउने क्रममा नेपालमा पनि रोजा लक्जमबर्ग, क्लारा जेटकिन, मिरावल परिवारका पेटिया, मिनर्भालगायत महिलाको नाम लिने गरिन्छ । उनीहरूले समाज रूपान्तरणमा निर्वाह गरेको भूमिकाको चर्चा राम्रैसँग हुने गर्दछ ।

विदेशी समाज सुधारक महिलाहरूको योगदानभन्दा पनि नेपालको सामाजिक रूपान्तरणमा लागेका महिलाको बलिदान, त्यागको चर्चा भने नेपालमा कमै मात्रामा हुने गर्दछ । यसले गर्दा नेपालमा यस्ता दिवसको उपलब्धि पनि कम हुने गरेको पाइन्छ । हामीले मनाउने गरेका दिवसहरूको प्रभावकारिता त्यतिबेला मात्र देखिन्छ जतिबेला दिवससँग सम्बन्धित स्वदेशका यस्ता वीर तथा योद्धाहरूको योगदानको स्मरण गर्न सकिन्छ । यसो गर्न सकिएमा समाजको परिर्वतन र रूपान्तरण पनि अर्थपूर्ण हुन जाने छ र यसबाट परिवर्तित समाजको रूपान्तरणमा पनि दिगोपना स्थापित हुन जाने छ ।

नेपालको समाज रूपान्तरणको अभियानमा हामीले योगमायाको योगदानको मूल्यांकनलाई सही ढंगबाट गर्न सकेनौं भने हाम्रा कुनै पनि अभियान तथा दिवसका कार्यक्रमहरूले सार्थकता नपाउन पनि सक्छन् । उनी निरक्षर भइकन पनि तत्कालीन समाजमा व्याप्त विभेद्, कूरीति, कूसंस्कार हटाउन खेलेको भूमिका सायदै विश्वका अन्य महिलाले निर्वाह गर्न सकेका छन् तर पनि योगमाया आज नेपालमै गुमनामजस्तै छिन् । उनलाई अझै पनि यस्ता दिवसहरूमा सायदै सम्झने गरिएको छ । योगमाया यो देशको गरिमा र गौरव हुन् । त्यसैले उनी राष्ट्रिय विभूतियोग्य भए पनि आज पनि राष्ट्रिय विभूतिका रूपमा स्थापित गर्न सकेको अवस्था छैन । उनको योगदानलाई विश्वभर त के नेपाली जनजनमासमेत पुऱ्याउन सकिएको छैन ।

राणाशासनको चरम तानाशाहका समयमा जन्मेकी उनले नेपालमा नारी मुक्तिका लागि गरेको संघर्ष, त्याग र बलिदानको चर्चा स्वदेशमा मात्र होइन संसारभरि नै पुग्नुपर्ने थियो । हामीले नै त्यो गर्न नसकेको स्पष्टै देखिन्छ । यसका कारण आज उनी बत्तीमुनिको अँध्यारोको अवस्थामा रहेकी छन् । 'यसै शताब्दीको सुरुमा पूर्वी नेपालमा एउटा असाधारण विद्रोह छेडिएको थियो । यस विद्रोहको नेतृत्व एकजना अत्यन्तै संघर्षशील महिलाले गरेकी थिइन् । त्यस विद्रोहले तत्कालीन नेपालको राणाशासन र ब्राह्मणको हातमा रहेको शक्ति संरचनालाई सीधै चुनौती दियो र त्यस प्रकारको असाधारण विद्रोह र त्यसको नेतृत्व गर्ने व्यक्तिलाई नेपाली इतिहासमा कुनै स्थान नदिएर पूर्णरूपले विस्मृतिको अन्धकारमा छोडिएको छ तथा इतिहासमा स्मरणसम्म पनि गरिएको देखिएको छैन,' समाज परिर्वतनका लागि असाधारण विद्रोह छेड्ने योगमायाको योगदानलाई छायाँमा पारिएको छ । मानवशास्त्री बारबारा निम्री अजिजले 'शक्ति योगमाया संघर्षशील नेपालीको एक परम्परा' शीर्षकको आलेखमा योगमायालाई यसरी स्मरण गरेकी छन् । उनको योगदान र संघर्षलाई अहिलेको पुस्ताले पनि थाहा पाउनेगरी कुनै काम राज्यले गरेको देखिँदैन ।

### को हुन् योगमाया ?

*हाम्रो सर्वोच्च हिमालले पानी पिलाउँछ*
*अरूण वरुणको शान त्यहींबाट आउँछ*
*बाह्मण भई सबै चीजको बिक्री गरेको*
*मालिक भई दुःखीहरूको वृत्ति हरेको*

सामाजिक यथार्थ र समाजका विषयवस्तुलाई कविताका यी हरफबाट प्रस्तुत गर्ने व्यक्तित्व उनै योगमाया हुन् । उनको जन्म भोजपुर जिल्लाको षडानन्द नगरपालिका-१ नेपालेडाँडाको सिम्ले भन्ने ठाउँमा १९२४ असारमा भएको थियो । उनको पनि त्यो बेलाका आममहिलासरह सात वर्षमा बालविवाह भएको थियो । बालापन अनि बुहार्तन सहन उनले सकिनन् र घर बस्न नसकेपछि माइतीमा भागेर गइन् तर उनले माइतीमासमेत सहज जीवनयापन गर्ने अवस्था नदेखेपछि उनी आफूखुसी विवाह गरेर केही वर्ष भारतको आसाम फूलबारी आसपासको क्षेत्रमा बिताइन् । त्यहाँ उनलाई जीवन र जगत्का बारेमा धेरै प्रवचन सुन्ने अवसर पनि प्राप्त भयो र पुनः आफ्नै जन्मथलो फर्केर आइन् ।

नेपाल फर्केपछि उनले आफू सानो छँदा भोगेका पीडा, सामाजिक विभेदको जरो पहिल्याउने अभियान सुरु गरिन् । यससम्बन्धी केही ज्ञान उनले भारत बस्दा प्राप्त गरेकी थिइन् र त्यसैबमोजिमको अभियान उनले नेपालमा सुरु गरिन् । आसामलगायतका भारतका स्थानहरूमा रहँदा उनले विभिन्न साधुसन्तको प्रवचनबाट आफूले पनि केही गर्नुपर्छ भन्ने साहस भर्न सकेको महसुस गरेकी थिइन् । महिला भएर पनि केही गर्न सक्छु भन्ने आँट, हिम्मत उनमा जागृत भएको थियो । नेपाल फर्केपछि उनले आफ्नो अन्तर्निहित क्षमतालाई विस्तारै खार्नेतर्फ उनी लाग्छिन् । योग साधनाबाट आफूलाई माझ्दै लैजाने उनको अठोट भयो र त्यसैमा लागिन् । बिस्तारै उनको साहित्यिक प्रस्तुति पनि आउन थाल्यो र साहित्यका माध्यमबाट पनि नागरिकमा चेतना जागृत गर्न सकिन्छ भन्ने लाग्यो ।



उनले मुखाग्र कवितामार्फत समाज रूपान्तरणको आवाज प्रस्फुटन गर्न थालिन् । उनले समाजको वास्तविकता कवितामार्फत पनि जनजनमा पुऱ्याउन लागिन् । उनले भोगेको तत्कालीन समाज जुन समयमा राणाशासनको दमन, कूरीति र कूसंस्कारको जालो मुलुकभर जेलिएको थियो, त्यसका विरुद्ध आवाज उठाउन लागि परिन् । उनले ब्राह्मणवाद, वर्ग विभेद्, लैंगिक, सती प्रथा, दास प्रथा, बालविवाह, जातीय विभेदका सबै विभेदको अन्त्य, पुनर्विवाह, नारी शिक्षा, भ्रष्टाचार उन्मूलनलगायत २६ बुँदे मागसहित धर्मराज्यको स्थापनाको नारा बोकेर काठमाडौंका तत्कालीन राणा शासकसमक्ष पेस गरेकी थिइन् ।

कवितामार्फत देशको रूपान्तरण गर्ने तथा नारी अधिकारको स्थापना गर्ने अभियानमा लागेकी उनका कविताहरू पनि लोकप्रिय हुने गरेका थिए । उनकै कविता संग्रहबाट एक कविता यस्तो थियो-

*दौलतीया हुनु भयो त्यही निर्धाबाट*
*आसामीले कर्जा तिर्‌यो तमसुक छ ठाडै*
*छोरो थियो बालक बाबु मरेछ*
*लोभी साहु माग्न गयो तिर्नु परेछ ।*

यस्तो तत्कालीन समाजको बारेमा लेख्न सक्ने कवि योगमाया कवित्त्वको खानी हुन् । योगमायाले तत्कालीन समयमा राखेका विभिन्न मागमध्ये सती प्रथालाई १९७७ सालमा राणा सरकारले रोक पनि लगायो । दास प्रथालाई पनि हटाउने अभियान सरकारले चलायो । भनिन्छ, यस्ता कूप्रथा रोक्न योगमायाको योगदान सार्थक रहेको थियो । उनले सुरु गरेको अभियानबाट सरकारलाई पनि यस्ता कूरीतिहरू रोक्नका लागि सहयोग पुगेको थियो ।

### माग पूरा गराउन सरकारलाई दबाब

उनले राखेका माग पूरा गराउन पटक-पटक आफ्ना अनुयायीका साथमा हिँडेरै काठमाडौं पुगेकी थिइन् योगमाया । केही माग सरकारले पूरा गरे पनि तत्कालीन समयमा जनताले बोल्न पाउने अधिकार, सामाजिक विभेद्, पढ्ने अधिकारलगायत जनताको मौलिक अधिकारका लागि पनि त्यस समय समाजका विभिन्न क्षेत्रमा पनि केही अगुवाहरूले अभियान थालेका थिए । ती आन्दोलनको सुनवाइ हुनुपर्ने उनको माग थियो ।

सरकारले यस मागप्रति व्यवास्था गरे परिणाम नराम्रो आउने उनले धम्की पनि दिइरहन्थिन् । उनले सरकारले आफ्ना माग पूरा नगरेमा अनुयायीसहितको आफू पनि एकैपटक आत्मदाह गर्ने योजना पनि सार्वजनिक गरिन् । १९९५ कात्तिक २६ गते भोजपुरकै उफ्रौलीटारमा विशाल यज्ञ आयोजना गरी त्यहाँको अग्निकुण्डमै आत्मदाह गर्ने तयारी उनले थोलेकी थिइन् । उनलाई सयौं अनुयायीले साथ दिएका पनि थिए । सयौं टिन घिउ, जौ, तिल, फलफूललगायतको व्यवस्था जुटाएको थियो । तर त्यसो हुन नदिई सरकारले त्यहाँ जुटेका अनुयायीहरूलाई पक्राउ गरेको थियो । उनी भने प्रहरी आउने बोध भएपछि त्यहाँबाट अन्यत्र लागेकी थिइन् । यज्ञको समापनका दिन पूर्णाहुतिका रूपमा यज्ञकुण्डमा प्रवेश गरेर अग्नि समाधि लिनुपर्छ भन्ने योगमायाको घोषणाअनुसार त्यसैबेला उनका २४० जना अनुयायीले यज्ञकुण्डमा हामफाली प्राण त्याग्ने निर्णय गरेका थिए । तर त्यस दिन त्यो अभियान सफल हुन भने पाएन ।

सरकारले उनको माग सुनुवाइ गर्नुको साटो देशद्रोही भन्दै चार सहिदलाई १९९७ सालमा हत्या गरेपछि उनी झन् बढी क्रान्तिकारी भएर सरकारको विरोधमा लागिन् । यो घटनाले झनै योगमायाको मन साह्रै कुँडियो र उनलाई झन् बढी सरकारको विरुद्ध जाग्न मन लाग्यो । जनताले आफ्नो अधिकार माग्दा ज्यानै लिनु घोर अन्याय हो भन्दै थप सामाजिक आन्दोलनका चरणहरू अगाडि बढाइन् ।

### जलसमाधीमा जाने कठोर निर्णय

विसं १९९८ असार २२ गते हरिसयनी एकादशीको दिन थियो । वर्षाले अरूण नदी उर्लंदो थियो । योगमायाले सरकारलाई घुँडा टेकाउन जलसमाधि जाने निर्णय गरिन् । सो दिन उनीसहित ६७ जनाले उनीपछि पालैपालो अरूण नदीमा हाम फालेर जलसमाधि लिए । त्यस क्रममा एक जना बाँचे तर पछि उनले पनि पुनः जलसमाधि लिएर देह त्याग गरे । भनिन्छ, जलसमाधिका लागि अरू धेरै पनि लाइनमा थिए । तर प्रहरी प्रशासन त्यहाँ आइपुगेपछि अरूलाई तितरबितर पारेको थियो । त्यतिबेला उनको त्यो भने एक ठूलो राजनीतिक आन्दोलन नै थियो । उनले आफ्नो जीवनमा नागरिक अधिकार, नारी मुक्ति तथा समाजमा व्याप्त कूरीति र भ्रष्टाचारका विरुद्धमा यो भन्दा अर्को विकल्प पनि उनीसँग त्यस समयमा थिएन ।

झन्डै ८० वर्षअघि नै परिवर्तन र रूपान्तरणका लागि यस्तो राजनीतिक अभियान सञ्चालन गरिएको थियो । समाज रूपान्तरणका लागि भएको अप्रिय तर दुर्लभ घटना विश्वका मानव जातिले थाहा पाउनुपर्ने हक आज पनि छ । यस्तो अधिकारमा नेपाली महिला पनि कम थिएनन् र छैनन् भन्ने सन्देश पनि हामीले विश्वव्यापीरूपमा दिनुपर्दछ । समाज परिवर्तनका लागि योगमायाले छेडेको जस्तो आन्दोलन विश्वमा सायदै अरू कसैले गरेको होला ।

उनको आन्दोलन महिला वर्गमा मात्र केन्द्रित थिएन । उनले समाजका सर्वपक्षीय समस्यालाई समेटेर त्यसको समाधान राज्यसँग खोजेकी थिइन् । उनको आन्दोलनले जति चर्चा पाउनुपर्ने थियो, पाउन सकेको छैन् । आखिर किन ? ऊ बेला उनी महिला भएकैले पछि परेकी थिइन् भन्नेहरूले अहिले पनि त उनको योगदानलाई समाजमा ल्याउन सक्छ । राणाशासनका समयमा नागरिक अधिकारको कुरा उठाउनु जटिल काम थियो । उनलाई आज पनि राज्यले राष्ट्रिय विभूतिका रूपमा सम्मान प्रदान गर्न नसक्नु उनीमाथिको मात्र नभएर सामाजिक जागरणकै एक अन्याय हो । योगमायालाई राष्ट्रिय विभूतिको सम्मान दिन अब ढिला गर्नु हुँदैन । *रासस*

*(लेखक नेपाल पत्रकार महासंघकी सचिव हुन्)*

## पत्र-मञ्जुषा

# दलालीको लहैलहैमा नलगाऔं

अहिले विष्णु पौडेल अर्थमन्त्री हुनासाथ सेयर बजार तातिएको छ । तर, उनी न कुनै अर्थविद् हुन् न त सेयर व्यापारी । उनी एमालेमा संलग्न एक साधारण व्यक्तिमात्र हुन् । एमाले सरकारबाट बाहिरिएसँगै उनको पनि अर्थमन्त्री पद गुम्ने छ । अनि अहिले महँगोमा सेयर किन्ने सर्वसाधारण फेरि पनि डुब्ने छन् । बैंक, बिमा र हाइड्रोपावर कम्पनी घाटामा गएका छन् । सेयरमा लगानी गर्ने नै यी तीन संस्था हुन् । फेरि यिनीहरू नै घाटामा गएपछि कसरी सेयरको मूल्य बढ्छ ?

अहिले सेयर दलालीहरूले विष्णु पौडेलको नाम भजाएर महँगोमा सेयर किन्न लगाई पुनः आमनागरिक फसाउने रणनीति बनाएका छन् । त्यसैले, अब सर्वसाधारण फस्नु हुन्न । यसअघि पनि यिनीहरूले यसरी नै सर्वसाधारण डुबाए । घरखेत नै बेचेर सेयरमा लगानी गरेका सर्वसाधारण डुबेपछि आत्महत्या गर्नुपर्ने अवस्थामासमेत पुगे ।

बूढोपाकाले भन्थे, 'कि पढेर जान्नुपर्छ कि परेर जान्नुपर्छ ।' केही वर्षअघि संघीय संसद् भवनअगाडि एक व्यक्तिले आत्मदह गरे । व्यापार व्यवसायमा डुबेपछि उनले संसद् भवन अगाडि नै आफ्नै शरीरमा पेट्रोल खन्याएर आगो लगाए । नेपालमा उद्योग, कलकारखाना केही छैन । त्यसैले, सेयरको मूल्य बढ्ने कुनै आधार छैन ।

तर सेयर दलालीहरूले अहिले पौडेल अर्थमन्त्री हुनासाथ ह्वात्तै मूल्य बढाएका छन् । सेयरमा निश्चित ठूला व्यक्तिको लगानी छ । उनीहरूले हल्ला फिँजाएर जुनसुकै बेला पनि सेयरको मूल्य बढाउँछन् अनि महँगोमा सेयर किन्न लगाएर सर्वसाधारण फसाउँछन् । हामी मानिस पनि आफूलाई शिक्षित भन्छौं । यद्यपि, हामीसँग कुनै कुरा ठीक र कुन बेठीक भनेर छुट्याउन सक्ने क्षमता छैन ।

केही वर्षअघि पनि सेयरको मूल्य ह्वात्तै बढेको थियो । दलालीहरूले १०० रूपैयाँको सेयर ३५ सय रूपैयाँमा सर्वसाधारणलाई बेचियो । फेरि सर्वसाधारणले त्यो सेयर किन्नासाथ सेयरको मूल्य ह्वात्तै घट्यो । ३५ सयको सेयर १०० रूपैयाँमा बिक्री नहुने अवस्था निम्तियो । यही कारणले कतिपयले त आत्महत्यासमेत गरे ।

किनकि उनीहरूले आफ्नो घरजग्गा, गाडी, पुर्ख्यौली सम्पत्ति बेचेर वा जीवनभर कमाएको करोडौं रकम सेयरमा लगानी गरेका थिए । सेयरमा लगानी गर्दा सर्वसाधारणलाई कुनै फाइदा छैन । सेयर भनेको जुवा हो । यसमा दलालीहरूले कब्जा जमाउँदै आएका छन् । उनीहरू आफू सस्तोमा सेयर किन्छन् अनि बजार तताएर महँगोमा बेच्छन् ।

फेरि सर्वसाधारणले बेच्ने बेला भने सेयरको मूल्यमा गिरावट ल्याइदिन्छन् । त्यसैले, अब आमनागरिक सचेत हुन जरुरी छ । जथाभावी सेयरमा लगानी गर्नुहुन्न । दलालीहरूको लहैलहैमा नलगौं । किनकि बैंक, वित्तीय संस्थाहरू घाटामा गइसकेका छन् । अझै पनि सर्वसाधारण सचेत नहुने हो भने अहिले महँगोमा सेयर किन्ने जनता केही महिनामै पासो लगाउनुपर्ने अवस्थामा पुग्ने छन् ।

**– रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# सुदूरपश्चिममा डेंगुको संक्रमण बढ्दै



**सुदूरपश्चिम–** सुदूरपश्चिममा एडिस एजिप्टाई जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने डेंगुको संक्रमण बढ्न थालेको छ । सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालय दीपायलले पाँच महिनायता प्रदेशमा १६१ व्यक्ति डेंगु रोगबाट संक्रमित भएको जनाएको छ । तीमध्ये डोटीमा ४९, कञ्चनपुरमा २७, अछाममा ३४ र कैलालीमा १२, बाजुरामा १५, बैतडीमा तीन, बझाङमा चार, दार्चुलमा १३ र डडेलधुरामा पाँच व्यक्ति संक्रमित भएका छन् ।

निर्देशनालयका भेक्टर कन्ट्रोल अधिकृत हेमराज जोशीले असारदेखि कात्तिक महिनासम्म यस रोगको जोखिम बढी हुने गरेको बताए । उनले भने, 'असारदेखि कात्तिक महिनामा पानी पर्ने र रोकिनेक्रम निरन्तर भइरहँदा लामखुट्टेको वृद्धिविकास भई संक्रमणको जोखिम बढी रहन्छ । त्यसैले रोकथामका लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान चलाउनुपर्ने हुन्छ । पालिकाले अवस्था हेरेर यस्तो अभियान सञ्चालन गर्ने गरेको छ ।' लामखुट्टेले अण्डा पार्नसक्ने सम्भावित स्थानको खोजीगरी यसको लार्भा नष्ट गर्दा लामखुट्टेको वृद्धि विकास हुन नपाई रोगको रोकथाममा सहयोग पुग्ने जोशीले बताए ।

गत वर्ष प्रदेशमा डेंगुबाट पीडित तीन व्यक्तिको मृत्यु भएको थियो । लामखुट्टेको टोकाइबाट बच्नु नै यो रोगको रोकथामको प्रभावकारी उपाय भए पनि नागरिकमा चेतनाको अभाव देखिँदा रोकथाममा समस्या भइरहेको स्वास्थ्यकर्मीको भनाइ छ । सरकारी अस्पतालमा यस रोगका बिरामीको निःशुल्क उपचार हुने गरे पनि समयमा उचारका लागि नआउँदा ज्यानै जानेसम्मको समस्या हुने गरेको छ ।

यो रोग लागेपछि मानिसलाई ज्वरो आउने, टाउको दुख्ने, शरीरका जोर्नी तथा मांशपेशी दुख्ने, खान मन नलाग्नेजस्ता लक्षण देखिन्छन् । नाक, गिँजा र पेटबाट रगत बग्नेजस्तो कडा खालको लक्षण देखिँदा भने बिरामी बेहोस भई मृत्यु हुनसक्ने चिकित्सकले बताउने गरेका छन् ।

खुला भाँडा, गमला, साइकल वा गाडीका टायर र खाली ड्रममा भरिएको पानीमा लामखुट्टेले सजिलैसँग फुल पारेर लार्भाको वृद्धिविकास हुने भएकाले यस्ता भाँडामा पानी जम्मा हुन नदिन र पानी भरिएको भए खाली गरेर सरसफाइ गर्न ध्यान दिनुपर्ने स्वास्थ्यकर्मीले बताएका छन् । यो रोग सार्ने लामखुट्टेले दिउँसोको समयमा मात्र टोक्ने गरेको बताइएको छ । डेंगुको भाइरसबाट संक्रमित एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइले यो रोग मान्छेमा सर्ने गर्छ । त्यसैले आवश्यक सतर्कता अपनाउन चिकित्सकको सुझाव छ । *रासस*

# पुनःस्थापनाको पर्खाइमा मुक्तकमैया

**भजनी (कैलाली)–** कमैया मुक्ति घोषणा भएको २४ वर्ष पुगेको छ । २०५७ साउन २ गते सरकारले कमैया मुक्तिको घोषणा गरेको हो । अढाइ दशक बित्नै लागे पनि कैलालीको टीकापुर नगरपालिका शिवनगरका गणेश चौधरी पुनःस्थापनाको पर्खाइमा छन् । राज्यले ऋण मिनाहासहित पुनःस्थापना गर्नेगरी कमैया मुक्तिको घोषणा गरे पनि आफूजस्तै सयौं परिवार आज पनि पुनःस्थापनाको पर्खाइमा रहेको उनी बताउँछन् ।



'राज्यले पुनःस्थापनाको काम अझै गर्न सकेको छैन । आजसम्म कमैयाले आफ्नो क्षमताले एउटा बस्ने घरसम्म बनाउन सकेका छैनन् । अरूकै सहारामा बाँच्नुपरेको छ,' चौधरी भन्छन्, 'पटकपटक आश्वासन पायौं, सहारा कहिल्यै पाएनौं ।' शिवनगरकै रामफल चौधरीलाई बुढचौलीले छोइसकेको छ । सरकारले पुनःस्थापनाको ग्यारेन्टी गरेसँगै अरूको घरमा कमैया बसेर जीवन निर्वाह गर्दै आएका उनले २० वर्ष पुनःस्थापनाको आशामा शिविरमा बिताए । 'पुनःस्थापनाको सम्झौता मात्रै भयो, हामी दशकौंदेखि कष्टकर जीवन बिताउन बाध्य छौं,' उनले भने ।

शान्ताराम चौधरीको समस्या पनि उस्तै छ । आज पनि उनलाई अरूको घरमा काम गरेर जीवन निर्वाह गर्नुपर्ने बाध्यता छ । 'हिजो अरूको घरमा काम गर्दा आफ्नो स्वतन्त्रता थिएन, आज स्वतन्त्रता छ, फरक त्यतिमात्र हो,' उनले भने दुई दशक पहिला टीकापुर बहुमुखी क्याम्पसको नाममा रहेको जग्गा अतिक्रमण गरेर सयौं मुक्तकमैया आश्रय लिएर आजसम्म बसोबास गर्दै आएका छन् । सो क्षेत्रमा मुक्तकमैयामात्र नभई सयौं सुकुम्बासी पनि बसोबास गर्दै आएका छन् । 'राज्यले उचित व्यवस्थापन गरेको भए अरूको जग्गामा बस्नुपर्ने बाध्यता हुँदैनथ्यो,' स्थानीय छेदु चौधरीले भने, 'जग्गा जमिन नभएका हामी यो जग्गा छाडेर कता जानसक्छौं ।'

मुक्त कमैया समाज सुदूरपश्चिम प्रदेशका सचिव विमल चौधरीले कैलालीमा अझै चार हजार २०० छुट मुक्तकमैयाको पुनःस्थापना गर्न बाँकी रहेको बताए । प्रदेशमा झण्डै १२ हजार मुक्तकमैया परिवार छन् । टीकापुरमा मात्रै करिब ६०० परिवार पुनःस्थापनाको पर्खाइमा छन् । मुक्तकमैया व्यवस्थापन गर्न तीनै तहको सरकारसँग समन्वय र सहकार्य गर्दै आएका सचिव चौधरीले बताए ।

'राज्यले घोषणा गरेअनुसार सबै मुक्तकमैयाको व्यवस्थापन यथाशीघ्र हुनुपर्छ,' उनले भने । कैलालीका ११ स्थानीय तहमा र कञ्चनपुरमा ६ स्थानीय तहमा मुक्तकमैया परिवारको बसोबास छ । कमैया मुक्तिको घोषणा भएको दिन स्थानीय तहले सार्वजनिक बिदा दिने गरेका छन् । मुक्तकमैया दिवसको अवसर पारेर टीकापुर नगरपालिका, भजनी नगरपालिका, जानकी गाउँपालिका, जोशीपुर गाउँपालिका, कैलारी गाउँपालिकालगायत स्थानीय तहले बुधबार सार्वजनिक बिदा दिएका थिए । *रासस*

## राहदानी हरायो

मिति २०८१/०३/१३ गते गोंगबुदेखि चक्रपथसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **दिपेश लामा**
राहदानी नं : **०८५८७१३२**
ठेगानाः **धादिङ**
फोन नं : **९८५१२२७०३५**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको नाम परिवर्तनको सूचना

दोश्रो पटक प्रकाशित मितिः२०८१/०४/०३
साविक कम्पनी (क्लारीमी ट्रेड लिङ्क प्रा.लि. दर्ता नं. २४९८४८/०७७/०७८) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा नाम परिवर्तन गरी **पुनर्व ईस्टर्न डिस्ट्रिब्युटर्स एण्ड ट्रेडर्स प्रा. लि.** कायम गर्न मिति २०७९/०८/ २५ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको छ।

## माइग्रेसन हराएको सूचना

मितिः २०८०/१२/०३ गते कोटेश्वरदेखि माइतिघरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी भक्तपुरबाट जारी भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : कृष्टिना गुरागाई**
**रजिस्ट्रेसन.नं.:** ७७२७७७२२२
**ठेगाना.:** धनकुटा
**सम्पर्कः** ९८१९०३९८८९

## मोटरसाइकल हराएको सूचना

मिति २०८१/०३/१८ गते जिल्ला, भक्तपुर चाङ्गुनारायण न.पा. वडा नं.२, दुवाकोट स्वास्थ चौकी अगाडी पार्किङ गरिराखेको अवस्थामा रातको करिब १०:०० बजेको समयमा कालो र सेतो रङको , **Pulsar 200 cc** मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम : सोनम जोगी**
**बाइक नं.: बा .प्र.०२-०४१ प ६६९७**
**च्यासिस नं.: MD2A36FX6MCJ81140**
**इन्जिन नं. :** JCXCMJ29310
**ठेगानाः भक्तपुर**
**सम्पर्कः ९८२३२५१७९२**

## मोटरसाइकल हरायो

मिति २०८१/०३/२१ गते का.जि. गोकर्णेश्वर न.पा. वडा नं. ४ स्थित सडकमा पार्किङ गरिराखेको अवस्थामा अन्दाजी बेलुकी ९:०० बजेको समयमा बा. प्र. ०२१-०५० प ३७४३ नम्बरको पल्सर 220C.C., कालो/निलो रङको मोटरसाईकल हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरीदिनु होला।

नाम : **सिर पाते तामाङ**
ठेगाना : **गोकर्णेश्वर, ४ नं. गेट, माकलबारी**
फोन : **9813372628**
च्या.नं. : **MD2A13EX3NCM85565**
ई.नं. : **DKXCNM40830**

## गौरीशंकर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा,
बागमती प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/०३/३०

यस कार्यालयको लागि तपसिलमा उल्लेखित विवरण अनुसार सेवा करारमा कर्मचारी पदपुर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस गाँउपालिकाको कार्यालयमा दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | न्युनतम शैक्षिकयोग्यता/तालिम |
|---|---|---|---|---|
| १ | ०६/२०८०/८१ | सूचना प्रविधि अधिकृत | १ (एक) | लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा ITC वा सो सरहको विषय मध्ये कुनै विषय लिई स्नातक (BIT, BIM, BE in Electronics and Communication, BBIS, BCA, BCIS, BEIT, BSC, IT, BSC, CSIT) उर्तिण गरेको । |
| २ | ०७/२०८०/८१ | हेल्थ असिष्टेन्ट | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सक कोर्ष उर्तिण गरी सम्बन्धित काउन्सीलमा दर्ता तथा नविकरण भएको । |
| ३ | ०८/२०८०/८१ | स्टाफ नर्स | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स कोर्ष उर्तिण गरी सम्बन्धित काउन्सीलमा दर्ता तथा नविकरण भएको । |
| ४ | ०९/२०८०/८१ | अ.हे.व. | ४ (चार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट CMA/ अ.हे.व. कोर्ष उर्तिण गरी सम्बन्धित काउन्सीलमा दर्ता तथा नविकरण भएको । |
| ५ | १०/२०८०/८१ | अ.न.मी. | ५ (पाँच) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उर्तिण गरी सम्बन्धित काउन्सीलमा दर्ता तथा नविकरण भएको । |

१. परिक्षाको किसिम : लिखित, अन्तरवार्ता र सूचना प्रविधि अधिकृत पदको लागि कम्प्युटर सिप परिक्षण र प्रयोगात्मक समेत ।
२. दरखास्त दस्तुर : सूचना प्रविधि अधिकृत पदको लागि रु. १२००।- (अक्षरुपी एक हजार दुई सय रुपैया मात्र) र हेल्थ असिष्टेन्ट, स्टाफ नर्स, अ.हे.व., अ.न.मी. पदको लागि रु ६००।- (अक्षरुपी छ सय रुपैया मात्र) यस गाँउपालिकाको हिमालयन बैंक लिमिटेड गौरीशंकर शाखामा राखेको आन्तरिक राजश्व खाता नं ०५६०७६५०३९००१८ मा जम्मा गरी सोको सक्कल भौचर आवेदन साथ पेश गर्नुपर्नेछ ।
३. दरखास्त दिने स्थान : गौरीशंकर गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, सुरी दोलखा र भोर्ले सेवा केन्द्र (आइतबार र सोमबार ।
४. दरखास्त दिने अन्तिम मिति : २०८१ साल श्रावण १४ गते कार्यालय समय भित्र ।
५. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको

**प्रतिलिपिहरु :**

क) नागरिकता
ख) न्युनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र
ग) अनुभव भए सोको कागजात तथा तालिमको प्रमाणपत्र
घ) पासपोर्ट साईजको फोटो २ प्रति

६. सेवा सुविधा : गाँउपालिकाको निर्णय अनुसार ।
७. परिक्षाको पाठ्यक्रम : सूचना प्रविधि अधिकृत पदको लागि लोक सेवा आयोगले कम्प्युटर अधिकृत पदको लागि निर्धारण गरे बमोजिम र हेल्थ असिष्टेन्ट, स्टाफ नर्स, अ.हे.व., अ. न. मी. पदको लागि प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशले निर्धारण गरे बमोजिम ।
८. उमेरको हद : सूचना प्रविधि अधिकृत पदको लागि दरखास्त दिने अन्तिम दिन सम्म दिन सम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला तथा अपांगको हकमा ४० वर्ष ननाघेको) र हेल्थ असिष्टेन्ट, स्टाफ नर्स, अ.हे.व., अ. न. मी. पदको लागि दरखास्त दिने अन्तिम दिन सम्म दिन सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
९. दरखास्त फारम गाँउ कार्यपालिकाको कार्यालय र भोर्ले सेवा केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।
१०.सम्पर्क नं. : ९८५१००६००९

**प्रमुख प्रशासकीय अधिकृत**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAWAMEH FOUNDATION FOR PROVIDING MEALS
पूर्व स्वीकृति मिति २०८१/०४/०२ | LT. No. 307615 | चलानी नं. ६०२२२३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १० गते (25th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.५३५/०६१/०६२
**Elite Gurkhas Overseas Pvt. Ltd.**
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1-4975566, 4975567, 4975568
Fax: 977-1-4975566, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np

## युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : N DOT K BEAUTY LOUNGE
पूर्व स्वीकृति मिति २०८१/०४/०२ | LT. No. 307631 | चलानी नं. ६०२२२३४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist -female | 0 | 3 | 1800 | ३५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 3 | 1800 | ४२,४४५ | | | | | | | |

कम्पनी : APOLLO JABRIYA LADIES BEAUTY SALON CO.SPC
पूर्व स्वीकृति मिति २०८१/०४/०२ | LT. No. 307654 | चलानी नं. ६०२२२३४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/Manicure Pedicure/Nail Technician/Haird | 0 | 2 | 150 | ६५,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १० गते (25th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NOOR AL KAFEF MAINT GENERAL CLEANING CO-SOLE PROPRIETORSHIP LLC
पूर्व स्वीकृति मिति २०८०/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/०२ | LT. No. 302558 | चलानी नं. ६०२१७४०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 30 | 1000 | ३६,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १० गते (25th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०७/०५९/६०
**BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906, Mobile: 9803411034, 9741688728
Email: service.bhairabintl@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEXT SPA SALON AND INSTITUTE FOR MEN
पूर्व स्वीकृति मिति २०८०/०६/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/०२ | LT. No. 292742 | चलानी नं.६०२०७९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Spa Therapist | 7 | 0 | 150 | ६४,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १० गते (25th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 267/058/059
**ARANIKO OVERSEAS PVT. LTD.**
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com

# प्रभाव दैनिक





## 'भुन्टी' अब टेलिभिजनमा

युट्युबमा चर्चित सिरियल 'भुन्टी' टेलिभिजनबाट पनि प्रसारण सुरू भएको छ । सिरियल कान्तिपुर टिभी एचडीमा मंगलबारबाट प्रसारण सुरू भएको हो । सिरियलको नयाँ एपिसोड कान्तिपुर टेलिभिजनमा मंगलबार राती ९ बजे प्रसारणमा आएको थियो । विकट गाउँका दर्शकलाई लक्षित गरेर सिरियल टिभीमा ल्याइएको निर्माता, निर्देशक एवं कलाकार आशा गौतमले बताइन् । सिरियलको अबको नयाँ भागहरु पहिले कान्तिपुर टेलिभिजनमा र त्यसपछि 'सुकुमाया टिभी' युट्युबमा आउने आशाले जानकारी दिइन् ।




बिहीबार, ०३ साउन २०८१ (Thursday, July 18, 2024)


# भीमलाई 'पब्लिक च्वाइज अवार्ड'

■ प्रभाव संवाददाता

**काठमाडौं–** दोस्रो 'राष्ट्रिय आदिवासी संगीत तथा चलचित्र अवार्ड-२०८१'मा गायक भीम लिम्बू सेनेहाङले 'पब्लिक च्वाइज अवार्ड' जितेका छन् । गायक लिम्बूले लिम्बू संस्कृतिमा आधारित पालम 'मिन्जिमा ए'बाट अवार्ड पाएका हुन् ।

क्वालिटी फिल्मस् प्रालिद्वारा आयोजित अवार्ड कार्यक्रममा संगीतका १४ र फिल्मका नौ गरी २३ विधामा अवार्ड प्रदान गरिएको थियो । पूर्वउपराष्ट्रपति परमानन्द झाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा वरिष्ठ गायिका तथा अभिनेत्री कविता आले मगरलाई 'दीर्घ साधना सम्मान' प्रदान गरिएको थियो ।

आदिवासी जनजातिका चलचित्र एवं गीतसंगीतको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित अवार्ड कार्यक्रमको यस दोस्रो संस्करणमा तामाङ, गुरुङ, लिम्बू, राई लगायतका आदिवासी जनजातीका कला, संस्कृति र रहन-सहन आधारित गीतसंगीत र चलचित्रले सहभागी जनएका थिए ।

'पब्लिक च्वाइज' अवार्ड पाएको गायक भीम लिम्बूको 'मिन्जिमा ए' हालैमात्र रिलिज भएको हो । उक्त गीतमा लिम्बू समुदायको कला र मौलिक संस्कृतिलाई मुख्य विषयवस्तु बनाइएको छ । 'मिन्जिमा ए'मा भीम लिम्बू र गायिका मनु नेम्बाङको स्वर छ ।




गायक भीम लिम्बूले पहिलोपटक अवार्ड पाएको बताए । अवार्ड हात पारेपछि उनले भने, 'दशक बढीको मेरो सांगीतिक यात्रामा यो मेरो पहिलो अवार्ड हो, यसअघि २०७२ सालमा 'ईमेज अवार्ड'मा नोमिनेशनमा परेपनि अवार्ड पाइनँ ।' ५० भन्दा बढी गीत गाइसकेका भीमका करिब एक दर्जन गीत चर्चित छन् ।

अवार्ड र पुरस्कार कार्यक्रमहरू वेवास्ता गरेकै कारण आफूले अहिलेसम्म अवार्ड नपाएको उनको भनाइ छ । 'अवार्ड कार्यक्रमको मलाई वास्तै हुँदैथ्यो । यो पटकमा साथीहरूले गर्दा कार्यक्रममा सहभागी भएको हुँ । संयोगले अवार्ड पनि पाएँ । अवार्ड पाएपछि हौसला बढ्दोरहेछ ।'

गायक भीमले आफ्ना तीनवटा गीत रिलिज हुनेक्रममा रहेका बताए । उनका अनुसार 'सिलाम साक्मा' र 'हौ के भन्छ' बोलका दुई गीत र एउटा पालम यही साउन महिनाभित्र रिलिज हुनेछ । जसमा भीमसँगै गायिका मेचु धिमालको स्वर रहने भएको छ ।

# ३० दिनमा सकियो 'ज्वाइँ साब'को सुटिङ

**काठमाडौं (प्रस)–** फिल्म 'ज्वाइँ साब'को छायाङ्कन सकिएको छ । २३ दिन चित्लाङ र ७ दिन चितवनमा छायाङ्कन भएपछि फिल्म सकिएको हो ।कलाकार र प्राविधिकहरूको साथका कारण तोकिएकै समयमा फिल्मको छायाङ्कन सकिएको निर्देशक वसन्त निरौलाले बताए ।

फिल्ममा कलाकार जितु नेपाल र नायिका नीति शाह मुख्य भूमिकामा छन् । उनीहरूको अलवा फिल्ममा बुद्धि तामाङ, शिशिर वाङ्देल, प्रकाश घिमिरे, रमेश बुढाथोकी, निमा पाण्डे, हिमेश पन्त, शिवहरि बैरागी, राजेन्द्र नेपाली, कविता आले, शिवु पाण्डे लगायतका



कलाकारको अभिनय छ ।

छायाङ्कन सकेसँगै फिल्मको निर्माण टिम पोस्ट प्रोडक्शनको काममा जुटेको छ । यो फिल्ममा जितु नेपाल र नीति शाहको जोडीलाई दर्शकले विशेष रूपमा देख्न सकिन्छ । निर्माणपक्षले यी दुइको गेटअप भने सार्वजनिक गरेको छैन ।

राजकुमार पण्डित प्रस्तुतकर्ता रहेको फिल्ममा मिनादेवी पाण्डे, सौगात पण्डित र पदमलाल तामाङको लगानी छ । रेड आई फिल्मस्को प्रस्तुतिमा ओएसआर डिजिटल र मौसम फिल्मस्को सहकार्यमा निर्माण भएको फिल्ममा श्याम तामाङको डीओपी, अर्जुन पोखरेल र महेश ताम्राकारको संगीत छ ।

विजय बस्याल कार्यकारी निर्माता रहेको फिल्ममा सविन अधिकारीको कथा, शंकर धितालको पटकथा तथा संवाद छ ।

# 'एक्टर'को छायांकन ४५ दिनमा

## जापान प्रदर्शन अधिकार बिक्री




■ प्रभाव संवाददाता

**काठमाडौं–** छायांकन अगावैबाट चर्चामा रहेको फिल्म 'एक्टर'को छायांकन सम्पन्न भएको छ । गत बैशाख महिनाको अन्त्यतिरबाट पोखराको विन्ध्वासिनी मन्दिरमा पुजा गर्दै छायांकन सुरु गरिएको फिल्मको दुई चरण गरी ४५ दिनमा छायांनक पुर गरिएको हो ।

पोखरामा १० दिन खिचेपछि काठमाडौंमा ३५ दिन छायांकन गरिएसँगै फिल्मको एउटा गीत खिच्न बाँकी राख्दै सम्पूर्ण छायांकन सकिएको निर्माता थमन कुमार भण्डारीले जानकारी दिए । 'समय लगाएरै फिल्मको छायांकन सकिएको छ, सुटिङ अवधिभर कलाकार र प्राविधिकहरूको साथ मिल्नाले सोचे अनुरूप नै काम सक्काइयो, अब बाँकी गीतको छायांकन युरोपमा गर्ने सोचमा छौं । फिल्म कस्तो बन्यो भन्ने आम दर्शकलाई लाग्न सक्छ, जो होस् अब आउने तीन महिनाको अवधिमा हाम्रा टिजर, ट्रेलर र फस्टलुकबाट थाहा पाइनै हाल्नु हुने छ, यति हो प्रदीप खड्कालाई हेर्दै आएको भन्दा फरक देख्न सक्नुहुनेछ,' निर्माता भण्डारीले भने ।

राजन भुसालको डेब्यु निर्देशनमा बन्न लागेको फिल्ममा प्रदीप र दिव्यासहित राजबल्लभ कोइराला, आना शर्मा, सुशील सिटौला, दिव्य देव, उषा रजक, प्रदीप चौधरी 'पिके', बादल भट्ट, अनोज पाण्डे, सुप्रज्ञा शर्मा, सिर्जना अधिकारीलगायतको अभिनय रहेको छ ।

दिव्याको भने यो पहिलो फिल्म हो । राजबल्लभले यही फिल्मबाट करिब दश वर्षपछि कमब्याक गरेका छन् । नायक खड्काले पहिलो पटक फिल्मी पर्दामा दिव्या र आनासँग सहकार्य गरेका हुन् ।

अदृत फिल्मसको प्रस्तुतिमा मोती फिल्मस्को निर्माण रहेको यो फिल्ममा थमन कुमार भण्डारीको लगानी छ । एनिस भुसाल सह-निर्माता रहेको यो फिल्मको क्रियटिभ प्रोड्युसर मोती कार्की हुन् । फिल्मका छायाँकार नरेन्द्र मैनाली हुन् । यो फिल्म यस वर्षको तिहारको अवसर पारेर कात्तिक १५ गते लक्ष्मीपूजामा रिलिज हुने छ । फिल्मको जापान प्रदर्शन अधिकार समेत बिक्री भएको छ । 'एक्टर'को जापान राइट्स खेम राज शाहको म्याक्स इटरटेन्टमेन्टले खरिद गरिसकेको छ ।



# नेपाललाई आइसिसीको अवार्ड

## 'डिजिटल फ्यान इन्गोजमेन्ट अफ दि इयर अवार्ड' नेपाललाई




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) को 'डिजिटल फ्यान इन्गेजमेन्ट अफ दी इयर अवार्ड' जितेको छ ।

२१ एसोसिएट राष्ट्रहरूलाई पछि पार्दै नेपालले उक्त अवार्ड जितेको हो । क्रिकेटका लोभलाग्दा दर्शक रहेको नेपाल यसअघि एसिया क्षेत्रबाट यो अवार्डका लागि छनोट भएको थियो । आईसीसीले नेपाली क्रिकेटको फेसबुकमा ४०० प्रतिशतले रिच वृद्धि भएको उल्लेख गरेको छ । अघिल्लो महिना अमेरिका र वेस्ट इन्डिजमा सम्पन्न टी-२० विश्वकपका साथै विश्वभरका विभिन्न स्थानमा हुने नेपालका खेलमा दर्शकहरूको बाक्लो उपस्थित हुने गरेको छ ।

# 'हिमालयन १०० ब्लिज' चेस हुने

■ प्रभाव संवाददाता

**काठमाडौं –** विश्व बुद्धिचाल महासंघ (फिडे) स्थापनाको १ सयौं वर्ष हो सन् २०२४ । यही अवसरमा फिडे अन्तर्राष्ट्रिय चेस दिवस (२० जुलाई) मा २४ घन्टाभित्र विश्वमै सबभन्दा बढी चेस खेल्दै 'गिनिज वर्ल्ड रेकर्डस्' कायम गर्ने अभियानमा रहेको छ, जसलाई साथ दिँदै हिमालयन चेस एकेडेमीले शनिबार किङ्स कलेजमा 'हिमालयन १००' आयोजना गर्दैछ ।

'फिडे १०० गिनिज वर्ल्ड रेकर्ड्स अटेम्प्ट' अन्तर्गत फिडेमा दर्ता गरिएको ब्लिज चेसको प्रतियोगिताबारे एकेडेमीकी संस्थापक अध्यक्ष मोनालिशा खम्बू भन्छिन्, 'फिडेले १ सय वर्ष पुगेको अवसरमा विश्व कीर्तिमान बनाउँदै गर्दा त्यो अभियानलाई नेपालबाट पनि साथ दिनको लागि हामीले हिमालयन १०० आयोजना गर्न लागेका छौं । स्वीस प्रणालीको आधारमा १० राउन्डमा सञ्चालन गरिने प्रतियोगितामा १ सय खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।' पहिला नाम दर्ता गर्ने खेलाडीलाई प्रतियोगितामा अवसर दिइने पनि उनले बताइन् ।

हिमालयन चेस एकेडेमीले युक्ति फाउन्डेसनसँग सहकार्य गर्दै 'हिमालयन १००' ब्लिज चेस आयोजना गर्न लागेको हो । युक्ति फाउन्डेसनकी प्रतिनिधि युक्ति लामा श्रेष्ठ भन्छिन्, 'चेस खेलेरै गिनिज वर्ल्ड रेकर्ड्स बनाउने फिडेको विश्वव्यापी अभियानमा सहकार्य गर्न पाउँदा खुशी लागेको छ । मानिसको




बौद्धिक विकाससँग प्रत्यक्ष सम्बन्ध रहेको खेल चेसमा सानै उमेरदेखि नै आकर्षित गर्न चाहन्छौं ।'

कुल ५१ हजार ५ सय रुपिया पुरस्कार रहेको प्रतियोगिताको विजेताले १० हजार, उपविजेताले ७ हजार, तेस्रो हुनेले ४ हजार, चौथोले ३ हजार तथा पाँचौं हुनेले २ हजार पाउनेछन् । त्यस्तै, छैटौंदेखि शीर्ष १० मा अटाउने खेलाडीले जनही १ हजार प्राप्त गर्नेछन् । महिलाको विजेताले ३ हजार, उपविजेताले २ हजार र तेस्रो हुनेले १ हजार हात पार्नेछन् । त्यस्तै, अनरेटेड, यू-९, यू-११, यू-१३, यू-१५, बेस्ट एचसीए, उत्कृष्ट विद्यार्थी (१० कक्षासम्म र १० कक्षामाथि), रेटिङ १७०० मुनि, १९०० मुनि र भेट्रान (५५ वर्षमाथि) गरी ११ विधालाई पनि समावेश गरिएको छ । सबै स्पर्धाका विजेताले १ हजारदेखि १ हजार ५ सय रुपियासम्म नगद पुरस्कार पाउनेछन् । तर, कुनैपनि खेलाडीलाई दोहोर्याएर पुरस्कार प्रदान गरिने छैन ।

खेलाडीले प्रतियोगिताको निम्ति नाम दर्ता गर्ने अन्तिम दिन शुक्रबार तोकिएको एकेडेमीले जनाएको छ । हिमालयन १०० को भेन्यू पार्टनर किङ्स कलेज, स्टाइलिङ पार्टनर ले लर्ड, फुटवेयर पार्टनर खडाउ रहेका छन् । क्लोथिङ ब्रान्ड कोक्रोमाले पनि साथ दिएको छ । हिमालयन चेस एकेडेमीले दोस्रो प्रतियोगिताको रूपमा हिमालयन १०० आयोजना गर्न लागेको हो । उसले यसअघि एसईई कप (असार ८-९) गते आयोजना गरेको थियो ।

# श्री स्टारको दोस्रो हार, एनआरटीको दोस्रो जित

**काठमाडौं (प्रस) –** श्री स्टार क्लबले ललित स्मृति एन्फा यु-१८ युथ लिगमा लगातार दोस्रो हार व्यहोरेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा बुधबार भएको पहिलो खेलमा श्री स्टारले चर्च ब्वाइजसँग १-० को साँघुरो हार व्यहोरेको हो । बुधबारकै दोस्रो खेलमा एनआरटीले खुमलटार एफसीलाई १-० ले हराउँदै दोस्रो सफलता प्राप्त गरेको छ । पहिलो खेलमा एनआरटीले चर्च ब्वाइजलाई र खुमलटारले सातदोबाटो युथ क्लबलाई हराएका थिए । श्री स्टार युथ लिगमा खराब प्रदर्शनलाई बुधबार पनि जारी राख्यो ।

आफ्नै क्लबका पूर्वअध्यक्ष ललितकृष्ण श्रेष्ठको स्मृतिमा जारी यस सिजनमा श्री स्टारले सुरुवाती दुई खेलमा हार व्यहोर्दै खराब सुरुवात गरेको छ । श्री स्टारले पहिलो खेलमा पनि विभागीय टोली नेपाल पुलिस क्लबसँग ७-२ को फराकिलो हार सामना गरेको थियो । यता चर्च ब्वाइजको पनि दोस्रो खेलमा पहिलो जित हो । पहिलो खेलमा चर्च ब्वाइज न्युरोड टिम (एनआरटी)सँग २-१ ले पराजित भएको थियो । चर्च ब्वाइजलाई जित दिलाउन अमनबहादुर तामाङको गोल नै पर्याप्त बन्यो ।

उनले पहिलो हाफको अन्तिम मिनेटमा गोल गरेका हुन् । अनिष श्रेष्ठले दिएको बललाई अमनले वान टच मार्फत गोलमा परिणत गराए । दोस्रो हाफमा श्री स्टारले गोलका थुप्रै अवसर सिर्जना गर्दै खेलमा फर्कने प्रयास गर्यो । तर सफल हुन सकेन । दोस्रो हारपछि श्री स्टार अंकविहीन छ । बुधबारकै दोस्रो एनआरटीले खुमलटारमाथि १-० को साँघुरो जित निकाल्यो । एनआरटीको जितमा सन्तोष गोङ्बाको गोल नै निर्णायक सावित भयो । पहिलो हाफ गोलरहित बराबरीमा सकियो । दोस्रो हाफमा खुमलटारका डिफेन्स चनाखो नहुँदा पछि पर्‍यो ।

६२ औं मिनेटमा सन्तोषले गोल गर्दै अग्रता दिलाए । उनले आफ्ना गोलकिपर तपरेज मियाको लामो पास नियन्त्रणमा लिँदै सुन्दर गोल गरे । त्यस पछिको बाँकी समयमा दुवै तर्फबाट गोल हुन सकेन र एनआरटीले दोर्स्रो जित निकाल्यो । खुमलटारले पहिलो खेलमा भने सातदोबाटो युथ क्लबलाई २-० ले पराजित गरेको थियो । अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा जारी यु-१८ युथ लिगको मंगलबार नै पहिलो चरणका खेल सम्पन्न भएका छन् ।

# क्यानलाई १० लाख हस्तान्तरण

■ प्रभाव संवाददाता

**काठमाडा–** चौधरी ग्रुप मातहतको सीजी फुड्स नेपाल लिमिटेडद्वारा उत्पादित वाइवाइ चाउचाउले नेपाल क्रिकेट संघ (क्यान) लाई १० लाख रूपैयाँ आज हस्तान्तरण गरेको छ । आईसीसी टि-२० विश्कपमा सहभागी खेलाडीलाई प्रोत्साहन स्वरूप सी जी फुड्सले गरेको घोषणा अनुसार उक्त रकम हस्तान्तरण गरिएको हो ।

नेपाल राष्ट्रिय टिम टी-२० विश्वकपमा सहभागी बनिरहँदा खेलाडीहरूलाई प्रोत्साहन स्वरूप वाइवाइले प्रत्येक रनका लागि रु. १ हजार, प्रत्येक चौकाका लागि रु. ८ हजार, प्रत्येक छक्काका लागि रु. १२ हजार उपलब्ध गराउने घोषणा गरेको थियो । त्यसैगरी प्रत्येक विकेटका लागि रु. १५ हजार, प्रत्येक अर्धशतक बापत रु. ५० हजार, प्रत्येक शतक बापत रु. १ लाख र नेपाली टिमको प्रत्येक जितमा रु. १ लाख ५० हजार रूपैयाँ नगद उपलब्ध गराउने पनि घोषणा गरेको थियो ।

त्यसैगरि सुपर आठमा पुगेमा राष्ट्रिय टिमका लागि रु. ३० लाख उपलब्ध गराउने वाइवाइको घोषणा थियो । सोही घोषणा बमोजिम विश्वकपमा नेपाली टिमको समग्र प्रदर्शन अनुसार सम्पूर्ण रनको ३ लाख ५ हजार, विकेटको ३ लाख १५ हजार, चौकाहरूको २ लाख १६ हजार, छक्काहरूको १ लाख ८ हजार गरि रु. ९ लाख ४४ हजार भएकोमा उक्त रकममा रु. ५६ हजार थप गरि हस्तान्तरण गरिएको हो ।



पूर्वी बगदादको सदर सहरमा पैगम्बर मोहम्मदका नाति इमाम हुसेनको सातौं शताब्दीमा भएको हत्याको सम्झनामा १० दिनको अवधि, आशुराको शिखरमा शिया मुस्लिमहरूले कर्बलाको युद्धलाई पुनः लागू गर्दा एक इराकी महिला रुदै। *तस्बिर: एएफपी*

# वर्षा र असिनाका कारण अफगानिस्तानमा ३५ जनाको मृत्यु, २३० जना घाइते

**काबुल (अफगानिस्तान)–** अफगानिस्तानको जलालाबाद सहर र नंगरहार प्रान्तको छेउछाउका क्षेत्रमा परेको भारी वर्षा र असिनाको कारण ३५ जनाको मृत्यु हुनुका साथै २३० जना घाइते भएको खामा प्रेसले जनाएको छ ।

नंगरहारको सूचना तथा संस्कृति विभागले नंगरहारका विभिन्न जिल्लामा मानिसको ज्यान गएको पुष्टि गरेको छ । विभागको रिपोर्टअनुसार मृतक तथा घाइतेलाई उद्धार गरी नंगरहार केन्द्रीय तथा प्रान्तीय अस्पतालमा लगिएको छ ।

प्रारम्भिक रिपोर्टले लगभग ४०० घर ध्वस्त भएको संकेत गरेका छन्, जसले बासिन्दा र व्यवसायलाई आर्थिक क्षति पुर्‍याएको छ । यद्यपि, स्थानीय अधिकारीहरूले तथ्यांक अझ बढ्नसक्ने बताएको खामा प्रेसले जनाएको छ ।



प्राकृतिक प्रकोपपछि, प्रभावित समुदायमा तत्काल प्रभाव कम गरी उनीहरूको पुनःस्थापनाका लागि आवश्यक सहयोग भइरहेको स्रोतले जनाएको छ ।

तीव्र वर्षा र असिनाबाट भएको विनासले प्रभावित मानिसको पीडा कम गर्न तथा क्षतिग्रस्त पूर्वाधार पुनःस्थापना गर्न ठोस राहत उपायहरूको आवश्यकतालाई औंल्याएको छ । खामा प्रेसका अनुसार प्रभावित परिवार तथा समुदायको समर्थनमा जोड दिँदै अधिकारीहरूले उद्धार र पुनःप्राप्ति प्रयास जारी राखेका छन् भने आवश्यक सहयोग प्राप्त गर्न सुनिश्चित गर्नमा ध्यान केन्द्रित गरिरहेका छन् । *रासस/एएनआई*

# चिनियाँ युवा बेरोजगारी दरमा सुधार

**बेइजिङ–** चीनको अनिश्चित आर्थिक दृष्टिकोणबारे छलफल गर्न नीति निर्माताद्वारा बेइजिङमा बोलाएको बैठकपछि जुन महिनामा चीनमा युवा बेरोजगारी घटेको आधिकारिक तथ्यांकले बुधबार देखाएको छ ।



विकासमा असर पार्ने कडा कोभिड-१९ नियन्त्रण भएको १८ महिनाभन्दा बढी समयपछि, प्रत्याशित महामारीपछिको सुधार नेताले आशा गरेको भन्दा कमजोर भएको छ ।

युवामा बढ्दो बेरोजगारी विश्वको दोस्रो ठूलो अर्थतन्त्रले सामना गरेको अवरोधमध्ये एक हो । साथै भारी ऋणग्रस्त सम्पत्ति क्षेत्र र पश्चिमसँगको भूराजनीतिक तनावले भरिएको व्यापार यसको अर्को पाटो हो । १६ वर्षदेखि २४ वर्ष उमेर समूहका बेरोजगारी दर गत महिना घटेर १३.२ प्रतिशतमा झरेको नेसनल ब्युरो अफ स्टाटिस्टिक्स (एनबिएस)ले बुधवार घोषणा गरेको छ, जुन मे महिनामा १४.२ प्रतिशतबाट थोरै सुधार भएको हो ।

विद्यार्थीहरूबाहेकको आँकडामा अधिकारीले जनवरीमा नयाँ गणना विधिअन्तर्गत युवा बेरोजगारी तथ्यांक प्रकाशित गर्न पुनः सुरु गरेपछि रेकर्ड गरिएको तथ्यांकमा यो सबैभन्दा सबैभन्दा कम हो ।

अधिकारीहरूले कार्यप्रणालीको समीक्षाको आवश्यकतालाई उद्धृत गर्दै धेरै महिनाका लागि तथ्यांकको विमोचन स्थगित गर्नुअघि गत वर्ष जुनमा यो रेकर्ड २१.३ प्रतिशतमा पुगेको जनाएका थिए । २५ देखि २९ वर्ष उमेर समूहको बेरोजगारी दर जुनमा ६.४ प्रतिशत रहेकोमा एनबिएसले बुधबार अघिल्लो महिनाको ६.६ प्रतिशतबाट कम भएको जनाएको छ ।

हाल बेरोजगारी दर पाँच प्रतिशतमा स्थिर रहेको छ । यद्यपि एनबिएसको तथ्यांक सहरी क्षेत्रमा मात्र केन्द्रित भएकाले चीनको समग्र रोजगारीको अवस्थाको अपूर्ण विश्लेषण गर्दछ । राष्ट्रपति सी जिनफिङले मे महिनामा युवा बेरोजगारीको प्रतिरोधलाई 'शीर्ष प्राथमिकता' मान्नुपर्ने बताएका थिए ।

गत महिना, ११.८ मिलियन विद्यार्थीले चीनको विश्वविद्यालयबाट स्नातक गरेका छन् जसले कडा रोजगार बजारमा प्रतिस्पर्धा बढाउँदै छ । अधिकारीले सोमबार जारी गरेका तथ्यांकले थप निराशाजनक आर्थिक वृद्धि र निरन्तर सुस्त उपभोगको संकेत गर्दछ । सोमबारदेखि, सीलगायत चिनियाँ नेताले आर्थिक नीति छलफल गर्न बेइजिङमा बैठक गरिरहेका छन् । *रासस/एएफपी*

## एमएच-१७ विमान खसालिएको घटनामा रूस जवाफदेही

**सिड्नी–** अस्ट्रेलियाले बुधबार सन् २०१४ मा झण्डै ३०० जनाको ज्यान जानेगरी मलेसियन एयरलाइन्सको एमएच-१७ विमान खसालिएको घटनामा रुसलाई जवाफदेही बनाउने प्रतिबद्धता जनाएको छ ।

सन् २०१४, १७ जुलाई मा एम्स्टर्डमबाट क्वालालम्पुर जाँदै गरेको बोइङ-७७७ विमानलाई पूर्वी युक्रेनमा रूसद्वारा निर्मित हवाई मिसाइल प्रहार गरेर खसालिएको थियो । विमानमा सवार ३८ जना अस्ट्रेलियाली नागरिकसहित सबै २९८ जनाको मृत्यु भएको थियो ।

क्यानबेरामा विमान आक्रमणमा मृत्यु भएकाको सम्झनामा आयोजित स्मारक समारोहमा विदेशमन्त्री पेनी वोङले शोकाकुल आफन्तलाई भने, 'रुसलाई जवाफदेही बनाउने प्रतिबद्धतामा अस्ट्रेलिया विचलित हुने छैन ।' अस्ट्रेलिया र नेदरल्यान्ड्सको संयुक्त राष्ट्रसंघीय एजेन्सी अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनमा रुसविरुद्ध, मुद्दा चलिरहेको छ। रुसले घटनामा कुनै पनि संलग्नता अस्वीकार गरेको छ । विमान दुर्घटनामा आफ्ना आमाबाबु गुमाउने पल गार्डले विगत १० वर्ष निकै लामो समय रहेको र रुसलाई यस घटनाका लागि जवाफदेही बनाउनुपर्ने चाहना व्यक्त गरे । *रासस/एएफपी*

# इरानद्वारा ट्रम्प हत्याको षड्यन्त्रमा संलग्न रहेको आरोप अस्वीकार

**तेहरान–** पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हत्याको षड्यन्त्रमा संलग्न रहेको भन्दै अमेरिकी सञ्चारमाध्यमले लगाएको दुर्भावनापूर्ण आरोपलाई इरानले बुधबार अस्वीकार गरेको छ । अमेरिकी अधिकारीले पूर्वराष्ट्रपतिविरुद्ध कथित इरानी षड्यन्त्रबारे केही हप्ताअघि मानव स्रोतबाट गुप्त सूचना प्राप्त गरेको सिएनएनले मंगलबार जनाएको थियो ।

यद्यपि सिएनएनले पेन्सिलभेनियामा आयोजित ट्रम्पको चुनावी र्‍यालीमा शनिबार भएको गोली हानाहान जहाँ पूर्वराष्ट्रपति घाइते हुनुका साथै उनको एक समर्थक मारिएको घटनाको कथित इरानी षड्यन्त्रसँग सम्बन्ध नरहेको बताएको छ । तेहरानले सन् २०२० मा अमेरिकी ड्रोन हमलामा रिभोलुसनरी गार्ड्सका कमान्डर कासिम सुलेमानीको हत्याको बदला लिने धम्की दिएपछि अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्ले वर्षौंदेखि ट्रम्प प्रशासनका पूर्वअधिकारी विरुद्धको इरानमाथि निगरानी राखेको बताएको छ ।

इरानका लागि संयुक्त राष्ट्रसंघको मिसनले उक्त आरोपलाई अप्रमाणित र दुर्भावनापूर्ण भएको जनाएको छ । 'इरानले ट्रम्पविरुद्धको हालैको सशस्त्र हमलामा कुनै पनि संलग्नतालाई कडारूपमा अस्वीकार गर्दछ । तर ट्रम्पको प्रत्यक्ष भूमिका रहेको जनरल कासिम सुलेमानीको हत्यामा मुद्दा चलाउन भने इरान कटिबद्ध छ,' विदेश मन्त्रालयका प्रवक्ता नासिर कानानीले बताए । रासस/एएफपी

## एडिबीद्वारा भारतमा रूफटप सोलर सिस्टम कोषका लागि २४०.५ मिलियन अमेरिकी डलर ऋण स्वीकृत

**मनिला (फिलिपिन्स)–** एसियाली विकास बैंक (एडिबी)ले भारतमा रूफटप सोलर सिस्टमको वित्तपोषण गर्न २४०.५ मिलियन अमेरिकी डलर ऋण स्वीकृत गरेको छ । छतमा सौर्य प्रणाली स्थापना गर्न भारतका विकासकर्ता र अन्तिम प्रयोगकर्तालाई ऋण प्रदान गर्न भारतीय स्टेट बैंक (एसबिआई) र राष्ट्रिय कृषि तथा ग्रामीण विकास बैंक (नाबार्ड)लाई वित्तपोषण उपलब्ध हुने छ ।

एडिबीले आफ्नो क्लिन टेक्नोलोजी कोषबाट एसबिआईलाई ९०.५ मिलियन डलर प्रदान गर्ने बताएको छ । क्लिन टेक्नोलोजी कोषबाट यसको तुलनामा, नाबार्डले १५० मिलियन डलर प्राप्त गर्ने छ, जसमा एडिबीको साधारण पुँजी स्रोतबाट ८० मिलियन डलर र सिटिएफबाट ७० मिलियन डलर समावेश छ । छतमा सौर्य प्रणाली स्थापना गर्दा प्राविधिक र परिचालन बोझ कम गरेर समग्र विद्युत् वितरण प्रणालीलाई फाइदा पुग्ने एडिबीले जनाएको छ । *रासस/सिन्ह्वा*


**चौतारा साँगाचोकगढी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**चौतारा, सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०८१/०४/०३)**

चौतारा साँगाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकवाट मिति २०८१/०३/१० गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दरभाउपत्र (Sealed Quotation) आव्हानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका दरभाउपत्रदाताहरुको दरभाउपत्र (Sealed Quotation) मुल्यांकन गर्दा न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको दरभाउपत्रदाताको दरभाउपत्र (Sealed Quotation) स्वीकृत गरिने प्रयोजनार्थ ७ (सात) दिनको आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि.नं. | दरभाउपत्र (Sealed Quotation) नं. | दरभाउपत्र कार्यको प्रकृति | न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएका दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट बाहेक) प्रति सिसि (साइज) |
|---|---|---|---|---|
| १ | CSGM/SQ/GOODS -01-2081/082 | Publication of Notice for FY 2081/082 (Black & White) | Join Media House Pvt.Ltd, Anamnagar, Kathmandu | ४९०.०० |

**प्रमुख प्रशासकीय अधिकृत**

**चौतारा साँगाचोकगढी नगरपालिका**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४


प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - १४९८०० | प्रति तोला - १४९१०० | प्रति तोला - १८९५ |

# निर्माण व्यवसायीको भुक्तानी रोकिँदैन : अर्थमन्त्री पौडेल

■ प्रभाव संवाददाता



**काठमाडौं–** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले निर्माण व्यवसायीले सरकारबाट पाउनुपर्ने भुक्तानी नपाएको भन्ने गुनासो चाँडै सम्बोधन हुने जानकारी दिए। नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीसँग अर्थ मन्त्रालयमा सम्पन्न भेटघाटमा उनले निर्माण व्यवसायीले पाउनुपर्ने भुक्तानी नरोकिने बताएका हुन्। 'निमाण व्यवसायीले भुक्तानी पाएनन् भन्ने गुनासो अब धेरै दिन सुन्न पर्दैन। राज्यका निकायले ठेक्का लगाएर काम सम्पन्न भएको छ भने जुनसुकै उपायबाट पनि त्यसको भुक्तानी हुन्छ। अब गुनासो गरिरहने अवस्था आउँदैन', अर्थमन्त्री पौडेलले भने।

उद्योगी र नेपाल विद्युत् प्राधिकरणबीच लामो समयदेखि चलिरहेको 'डेडिकेटेड' र 'ट्रकलाईन'को विद्युत् महसुल बक्यौता विवाद पनि कानुनअनुसार सुल्झाइने आश्वासन उनले दिए। 'डेडिकेटेड र ट्रंकलाइन विवाद कसरी समाधान गर्ने भनेर प्रधानमन्त्रीले नै सरकारको दृष्टिकोण राखिसक्नु भएको छ। यो विषयलाई त्रास र आतंकका रूपमा नलिनुस्। गैरकानुनी ढङ्गले सरकारले कुनै दायित्व सिर्जना गर्दैन', अर्थमन्त्री पौडेलले भने, 'यदि कसैले गैरकानुनी रूपले उद्योगीलाई दायित्व सिर्जना गर्न खोजेको छ, भने त्यो कोसिस सफल हुँदैन। यो समस्या समाधान गर्नका लागि केही समय लाग्यो। अब तपाईहरू डेलिगेसन आइरहनुपर्ने अवस्था रहँदैन।'

सरकार निजी क्षेत्रको अविभावकका रूपमा रहेकाले सबै गुनासो र समस्या सुन्न तथा यसको समाधान खोज्न तयार रहेको उनको भनाइ छ। 'सरकार अविभावकको रूपमा रहेर निजी क्षेत्रको विश्वास र भरोसा टुट्न दिने छैन। राज्यले संरक्षण दिन्छ भन्ने आत्मविश्वासका साथ राष्ट्र निर्माणमा योगदान गर्नुस्', अर्थमन्त्री पौडेलले भने, 'तपाईहरूले आफूलाई निरीह, कमजोर र असहाय नठान्नु होला। समस्याको समाधानसँगै मिलेर एकै टेबुलमा बसेर खोज्ने हो। निजी क्षेत्रले खोजेको समाधान सरकारलाई मान्य हुने र सरकारको खोजेको समाधान निजीक्षेत्रलाई मान्य हुने गरी समाधान खोजौं।' विकास तथा समृद्धि यात्रामा सरकार र निजी क्षेत्र सहयात्री भएकाले कुन एक पक्षले अर्को पक्षलाई बिर्सिएर जान नसकिने उनले स्पष्ट पारे।

पछिल्लो क्षेत्रको सबैभन्दा ठूलो चुनौती आमसर्वसाधारण र निजी क्षेत्रमा खस्किएको मनोबल उकास्नु रहेको अर्थमन्त्री पौडेलले बताए। 'पछिल्लो दिनमा माग र आपूर्ति घटेको छ। राजस्व घटेको छ। पुंजीगत खर्च घटेको छ। सबैभन्दा ठूलो मुख्य चुनौती भनेको मान्छेको मनोबल घटेको छ', उनले भने, 'सबै समस्याको समाधान भेटिन्छ तर, टुटेको मनोबलको समाधान भेटिन्न। यसकारण तपाईहरू उच्च मनोबलका साथ काम गर्नुहोस्। सरकार तपाईहरूसँगै छ।'

अहिले निजी क्षेत्र लगानी बढाउने भन्दा पनि व्यवसाय कसरी टिकाइराख्ने भन्ने चिन्ताबाट ग्रसित भएकाले त्यसलाई सहजीकरण गर्नका लागि सरकारका तर्फबाट गर्नुपर्ने नीतिगत, संरचनागत र व्यवहारिक सुधारमा आफु सधैं तयार रहेको उनले जानकारी दिए। 'सरकारले निजी क्षेत्रलाई नीतिगत रूपमा सहजीकरण, सहयोग र सहकार्य गर्ने नीति लिन्छ। निजी क्षेत्रलाई काम गर्न अप्ठेरो भएका नीति सहजीकरणका लागि सरकार तयार छ। कुन नीतिमा सरकारले कस्तो सहयोग गर्नपर्छ भनेर तपाईहरूबाट सुझाव आओस्', उनले भने।

सरकारका नीतिमा अस्थिरता भएको भनेर निजी क्षेत्रले गुनासो गर्ने गरेको र कानुन कार्यान्वयनका क्रममा अनावश्यक दुःख दिने गरेको भन्ने विषयलाई पनि सरकारले गम्भीर रूपमा लिने अर्थमन्त्री पौडेलले स्पष्ट पारे। 'सरकारले भूतप्रभावी कानुन बनाउँदैन। हिजो गरेका कामलाई आज कानुन बनाएर नियन्त्रण गर्ने दिशामा सरकार जाँदैन', 'निजी क्षेत्रलाई पहिले थुन्ने अनि सुन्ने भन्ने गरेको सुनिन्छ। सरकार त्यसो गर्दैन। यदि कानुनी प्रबन्धमै समस्या छ भने त्यसलाई संशोधन गर्नेबारे छलफल गर्न सकिन्छ। कानुनमा समस्या छ भने सहज र लचिलो बनाउनेतर्फ सरकारले सोच्छ।'

लघुवित्त र सहकारी क्षेत्रका समस्या समाधानका लागि सार्थक पहल भइरहेको दाबी अर्थमन्त्री पौडेलले गरे। त्यस्तै, नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउँदा विद्यमान समस्या र अवस्थालाई सम्बोधन गर्नेगरी ल्याउने विश्वास पनि उनले व्यक्त गरे। उनले भने, 'म कानुनको पालनामा विश्वास गर्छु। राष्ट्र बैंकले कस्तो मौद्रिक नीति ल्याउने भन्ने उसको अधिकार क्षेत्रभित्रको कुरा हो। तर जहाँसम्म मलाई लाग्छ, राष्ट्र बैंकले पनि निजी क्षेत्रको मनोबल घटाउने गरि काम गर्दैन।'

### नीतिगत निर्णय गर्नुपर्छ : ढकाल

उक्त अवसरमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले अर्थतन्त्रमा देखिएका विद्यमान समस्या समाधानका लागि निजी क्षेत्रको सहभागितासहितको उच्चस्तरीय संयन्त्र तयार पारिनुपर्ने बताए। अहिले सर्वसाधारणदेखि उद्योगी व्यवसायीसम्म सबै क्षेत्रको मनोबल खस्किएको र समग्र अर्थतन्त्र नै शिथिल भएको अवस्थामा त्यसको निकासका लागि गम्भीर पहल आवश्यक छ भने।

सरकारले तोकेको वरियताक्रम (प्रोटोकल) मा उद्योगी व्यवसायी तथा निजी क्षेत्रलाई पनि स्थान दिइनुपर्ने माग ढकालले राखे। उद्योगी व्यवसायी उत्साहित भएर नयाँ लगानी थप्नसक्ने अवस्थामा नरहेको पनि उनको भनाइ छ।

# सरकारले जारी गर्‍यो ७३ बुँदे बजेट कार्यान्वयन मार्गदर्शन

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले सबै विषयगत मन्त्रालय, प्रदेश र स्थानीय तहलाई चालु आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन पठाएको छ। विभिन्न निकायका लागि विनियोजित बजेटको खर्चमा मितव्ययिता अपनाउने तथा खर्चको प्रभावकारिता र दक्षता बढाउनेलगायत निर्देशनसहित अर्थ मन्त्रालयले मंगलबार मार्गदर्शन परिपत्र गरेको हो।

बजेट खर्चको अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट, कार्यक्रम/योजना हस्तान्तरण र कार्यान्वयन, बजेट खर्च, रकमान्तर, कार्यक्रम संशोधन तथा प्रतिवेदन, वित्तीय पारदर्शिता, जवाफदेहिता, अनुगमनसम्बन्धी व्यवस्थालगायत विषय समेटेर मार्गदर्शन जारी गरिएको हो।

मार्गदर्शनअनुसार कुनै पनि निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्नेगरी रकम विनियोजन भएकामा त्यस्तो निकायको प्रमुखले आगामी असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धिसहित स्रोतगत बाँडफाँट गरी त्यसको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ।

त्यस्तै चालु आर्थिक वर्षका लागि बजेट पाएका योजना तथा कार्यक्रम कार्यान्वयनका लागि यही साउन मसान्तभित्रमा कार्यविधि तयार गरिसक्नुपर्नेछ। 'स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनका लागि आवश्यकपर्ने कार्यविधि २०८१ साउन मसान्तभित्र बनाइसक्नुपर्नेछ', बजेट कार्यान्वयन मार्गदर्शनमा भनिएको छ। यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र वेबसाइटमा राखिसक्न र थप आर्थिक दायित्व वा दीर्घकालीन प्रकृतिको दायित्व सिर्जना हुने कार्यविधि बनाउँदा अर्थ मन्त्रालयको अनिवार्य स्वीकृति लिन पनि परिपत्र गरिएको छ।

त्यसैगरी राष्ट्रिय प्राथमिकताका आयोजनामा दुई 'सिफ्ट'मा काम गर्न निर्देशन दिइएको छ। 'आयोजनाको प्रभावकारी कार्यान्वयनगरी तोकिएको समयमा नै सम्पन्न गर्न आन्तरिक प्रतिस्पर्धाका आधारमा आयोजना प्रमुख छनोट गर्ने र कार्यसम्पादन सम्झौतामा तोकिएको न्यूनतम अंक हासिल नगरेमा बाहेक आयोजना अवधिभर सरुवा नगर्ने मापदण्ड तयारगरी कार्यान्वयन गर्नुपर्नेछ। राष्ट्रिय प्राथमिकताका आयोजनामा दुई सिफ्टमा काम गर्ने व्यवस्था मिलाउनुपर्नेछ', मार्गदर्शनमा भनिएको छ।

चालु आर्थिक वर्षका लागि विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम, आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि नबढाउन पनि निर्देशन दिइएको छ। गत आर्थिक वर्षमा सिर्जित दायित्व भुक्तानी गर्न सकिने विषयमा पनि अर्थ मन्त्रालयले बजेट कार्यान्वयन मार्गदर्शनमार्फत सहजीकरण गरेको छ। यसले निर्माण व्यवसायीलाई सरकारले गर्न बाँकी भुक्तानीका लागि सहज हुने अर्थसचिव मधुकुमार मरासिनीले बताए।


## विज्ञापन दर/रेट सम्बन्धी सूचना !

**प्रभाव** राष्ट्रिय दैनिकमा आर्थिक वर्ष २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दररेट २०८१ साउन १ देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**ज्याकेट विज्ञापन रू. १५,००,०००/-**

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | रु.२४००/- | रु.२२००/- |
| भित्री पृष्ठ | रु.१६००/- | रु.१४००/- |
| अन्तिम पृष्ठ | रु.२०००/- | रु.१८००/- |

### वर्गीकृत डिस्प्ले

| विवरण | रंगीन | श्यामश्वेत |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु.३,०००/- | रु.१५००/- |
| प्रतिशब्द | रु.३०/- | रु.२५/- |

*नोट : उपरोक्त दररेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन।*

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं
फोन नं.०१-४३७३५७७, ४५८४३६८
E-mail : marketing2prabhab@gmail.com
website: www.prabhabonline.com


# नेप्सेमा उछाल, ५४ अंकले बढ्यो

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकको उकालो यात्रा कायमै देखिएको छ। बुधबार नेप्से परिसूचक ५४ दशमलव ०४ अंकले बढेर दुई हजार तीन सय ६४ दशमलव ६३ को विन्दुमा कायम भएको हो। तीन सय छ कम्पनीको तीन करोड २० लाख ९५ हजार नौ सय ३७ किता सेयर एक लाख ४९ हजार छ सय ८१ पटक खरिदबिक्री हुँदा रु १२ अर्ब पाँच करोड ९२ लाख ६६ हजार एक सय १३ बराबरको कारोबार भएको हो।

व्यापार समूहको उपसूचक सबैभन्दा धेरै सात दशमलव ३० प्रतिशतले बढेको छ। कारोबारमा सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने सिटिजन म्युचुअल फन्ड २ को सबैभन्दा धेरै नौ दशमलव ९० प्रतिशतले घटेको हो। सिंगटी हाइड्रो इनर्जी लिमिटेडको सबैभन्दा धेरै २३ करोड ५५ लाख ८१ हजार बराबरको कारोबार भएको छ। कारोबार भएका सेयर संख्याका आधारमा हिमाल दोलखा हाइड्रोपावर कम्पनीको १२ लाख २९ हजार आठ सय ८४ कित्ता सेयर किनबेच भनेको छ।

# बुर्तिबाङ 'सवस्टेसन' अन्तिम चरणमा

■ प्रभाव संवाददाता

**बागलुङ–** बागलुङको बडिगाड गाउँपालिका-५ ग्वालीचौरका स्थानीयको अवरोधका कारण १३२ केभी बुर्तिबाङ सवस्टेशन अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन। स्थानीयले केन्द्रीय प्रशारण लाइनको टावर निर्माण गर्न नदिँदा सञ्चालनमा आउन नसकेको हो। गत असार पहिलो सातानै सञ्चालनमा ल्याउने गरी आयोजना कार्यालयले काम गरेको थियो।

पाँच वर्ष अगाडि निर्माण सुरु भएको बुर्तिबाङ सवस्टेशन हालसम्म ९२ प्रतिशत काम सकिएको आयोजना कार्यालयले जनाएको छ। बडिगाडका स्थानीयले टावर निर्माण रोक्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेपछि आयोजनाको काम रोकिएको थियो। गत असार ९ गते सर्वोच्चले रिटनै खारेज गरिदिएपछि पुनः काम सुरु गर्ने आयोजना प्रमुख मनोज चौधरीले जानकारी दिए। कपिलवस्तुको मोतिपुरदेखि सुरु भएर अर्घाखाँचीको सन्धिखर्क गुल्मीको तम्घास, पौँदीअमराई हुँदै बुर्तिबाङ जोड्ने १३२ केभीको सवस्टेशन विसं २०७८ सालदेखि निर्माण सुरु भएको थियो।

ढोरपाटन नगरपालिका-२ खल्टुबोटमा सवस्टेशनको निर्माण भएको छ। विसं २०७६ मा ठेक्का प्रक्रिया अगाडि बढाए पनि दुईपछि मात्रै काम सुरु भएको थियो। मोतिपुरदेखि सन्धिखर्कसम्मको लाइन विसं २०७८ चैत १२ गते परीक्षण गरी सुचारु गरिएको भन्दै गुल्मीको तम्घासको सवस्टेशन असार ७ गतेदेखि सञ्चालनमा आएको प्रमुख चौधरीले जानकारी दिए।

सर्वोच्चले रिट खारेजपछि अब काम तीव्र गतिमा हुने उहाँको भनाइ छ। गुल्मीको पौँदीअमराई र बागलुङको बुर्तिबाङक सवस्टेशन एकै पटक सञ्चालन गरिने उनी बताउँछन्। उनका अनुसार पौँदीअमराईदेखि बुर्तिबाङसम्मको १४ किलोमिटरको दूरीमा ४१ वटा टावर निर्माण गर्नुपर्ने भन्दै हालसम्म २६ वटा निर्माण भइसकेको र अझै १५ वटा निर्माण गर्ने बाँकी रहेका छन्।

पन्ध्र वटा टावरसँगै लाइनसमेत तान्न बाँकी रहेको आयोजना प्रमुख चौधरीको भनाइ छ। 'काममा कुनै बाधा नभएको हुन्थ्यो भने यति बेला १३२ केभी बुर्तिबाङ सवस्टेशन सञ्चालनमा आउने थियो, हाम्रो लक्ष्य असारमै सक्नुपर्ने थियो, तर विभिन्न बाध्यात्मक परिस्थितिले गर्दा ढिला भयो' उनले भने, 'अब छिट्टै कामलाई गति दिएर सक्छौं, स्थानीयलाई मुअब्जा दिने काम पनि भइरहेको छ, विद्युत् प्राधिकरण केन्द्रबाटै छिटो काम सक्नका लागि प्रेसर छ, छिट्टैनै काम सक्छौँ र सञ्चालनमा ल्याउँछौँ।'

सवस्टेशन निर्माणका लागि पाँच वर्ष अगाडि ठेक्का प्रक्रिया गरी ४० करोडमा निर्माण जिम्मा लिएको थियो भने लाइन विस्तारका लागि करिब रु ८३ करोडको लागतमा निर्माण कम्पनीलाई जिम्मा दिइएको थियो। कपिलवस्तुदेखि बुर्तिबाङ ८६ किलोमिटर दरुरी रहेको छ। यहाँ डबल सर्किटको तार विस्तार हुने छ। बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले आयोजना सम्पन्न गर्नका लागि आफूहरूले सहज वातावरण तयार गर्नका लागि भूमिका खेलेको बताइन्।

आयोजनाले टावर निर्माण गर्दा प्रयोग हुने जग्गाको धनीलाई उचित मुअब्जा दिनका लागि आग्रह गरेको उनको भनाइ छ। सदरमुकाम बागलुङ बजारका आसपासमा केही वर्ष अगाडिनै केन्द्रीय प्रशारण लाइनले जोडिए पनि पश्चिम बागलुङ भने जोडिन सकेको थिएन।


अब मात्र एक क्लिकमा...

**www.prabhabonline.com**

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ